# असल अभ्यास

'राष्ट्रिय अपाङ्ग महासँघ नेपालको जिल्ला
च्याप्टर तथा स्वावलम्बन समुहले गरेका
असल अभ्यास'

२०७४

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल
NFD-N

DPOD
Disabled People's Organisations Denmark

**राष्ट्रिय अपाङ्ग महासँघ नेपालको जिल्ला च्याप्टर तथा स्वावलम्बन समुहले गरेका**

# असल अभ्यास


| | | |
|---|---|---|
| सम्पादन | : | निर्मल भण्डारी |
| सङ्कलन | : | सीता अर्याल |
| सल्लाहकार | : | सुदर्शन सुवेदी, राजु बस्नेत, मनिष प्रसाईं, रेणु लोहनी |
| प्रकाशक | : | राष्ट्रिय अपाङ्ग महासङ्घ - नेपाल,<br>भृकुटीमण्डप, काठमाडौँ |
| प्रकाशन सहयोगी | : | डिपिओडी, डेनमार्क |
| सर्वाधिकार | : | प्रकाशकमा |
| लेआउट | : | योगेश खपाङ्गी, एक्सप्रेस मल्टिमिडिया<br>सुन्धारा, काठमाडौं, फोन : ०१ ४२५११०२ |
| मुद्रण | : | भोजपुर सिद्धकाली प्रिन्टिङ्ग प्रेस<br>सुकेधारा, काठमाडौँ, ०१-४३७६३९८ |
| प्रकाशन प्रति | : | १००० |
| प्रकाशन वर्ष | : | २०७४ पुस (सन् २०१७) |
| ISBN | : | 978-9937-9226-1-6 |

# प्रकाशकीय

असल अभ्यास (Good Practice) स्थापित गर्नु सहज काम होइन । यसको लागि धेरै चुनौतिको सामना गर्नुपर्छ र मेहनत र संघर्षको पनि त्यतिकै जरूरी हुन्छ । असल अभ्यास सबैतिर एकैपटक स्थापित हुने कुरा पनि होइन । यसलाई एकठाउँमा स्थापित गरेर विस्तारै अन्यत्र पुन प्रयोग गर्दै लैजानुपर्छ । तपाईं हामीले गरेका राम्रा कामहरूबाट अरू पनि लाभान्वित हुने अवसर मिलोस् भनेर यस्ता अभ्यासहरूलाई समुदायमा विभिन्न माध्यमहरूबाट पुर्‍याउनु सबैको कर्तव्य पनि हो र राष्ट्रिय अपाङ्ग महासंघ नेपाल यस्ता कर्तव्यहरू प्रति सचेत छ ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपालले डी.पी.ओ.डी. डेनमार्क सँग साझेदारी गरी विगत १७ वर्षदेखि अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धनको लागि विभिन्न कामहरू गरिरहेको छ । यसै क्रममा सन् २०१३ देखि डि.पी.ओ.डी.को सहयोगमा अपाङ्गता भएका व्यक्तिहरूलाई समुदाय स्तरमा हुने जीवनका विभिन्न गतिविधि र निर्णय प्रकृयामा समावेशीकरण गराउन १० जिल्लामा एक परियोजना सुरू भयो । चार वर्षसम्म चलेको उक्त परियोजनाले स्थानीय स्तरमा अपाङ्गता भएका व्यक्तिहरूको जीवनमा परिवर्तन ल्याउन,

अपाङ्गता अधिकारको सवालमा जनचेतना अभिवृद्धि गर्न, स्थानीय स्रोत परिचालनमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच स्थापित गर्न र जिल्ला स्तरमा गरिने पैरवी तथा जनवकालतमा अपाङ्गता भएका व्यक्तिका संस्थाको क्षमता विकास गर्न राम्रो योगदान गर्न सफल भयो । यस परियोजनाले कार्यक्रम सञ्चालन भएका विभिन्न जिल्लाहरूमा केहि असल अभ्यासहरूलाई समेत स्थापित गर्न सफल भएको छ र तिनै अभ्यासहरूलाई आम अपाङ्गता भएका व्यक्ति, समुदाय र अरू जिल्लामा रहेका सदस्य संस्थाहरूले केहि सिक्ने र जान्ने अवसर पाउन भनेर यो पुस्तक प्रकाशन गर्ने जमर्को गरिएको हो । हामीले गरेका काम र उपलब्धीहरूलाई जनसमक्ष ल्याउन पनि यस प्रकाशनको अर्को उद्देश्य हो ।

जिल्लामा अपाङ्गता अधिकार प्रवर्द्धनमा असल अभ्यास (good practices) स्थापना गर्नको लागि मेहेनतका साथ खट्नु हुने महासंघका १० वटै जिल्ला कार्यसमिति र कर्मचारीहरू, गाउँमा कृयाशील स्वावलम्बन समुह र जिल्लाका सबै सरोकारवाला निकायलाई महासंघको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्छु र भविश्यमा पनि यस्तै सहयोगको अपेक्षा गर्छु । साथै परियोजनामा संलग्न केन्द्रीय कार्यालयका कर्मचारी, कार्यसमितिका पदाधिकारी तथा सदस्य र साझेदार निकाय लगायत सम्बन्धित सबैमा विशेष धन्यवाद दिन्छु । हामीलाई विश्वास छ यो सामग्री तपाईंहरुको कार्यक्षेत्रमा थोरै भएपनि उपयोगी हुनेछ । हामी यहाँहरूको रचनात्मक सल्लाह र सुझावको सँधै अपेक्षा गरिरहनेछौं । धन्यवाद !

**सुदर्शन सुवेदी**
केन्द्रीय अध्यक्ष
राष्ट्रिय अपाङ्ग महासङ्घ - नेपाल

# बिषयसूची

१. भाग्यलाई पनि जित्यो कर्मले / ७
२. सहयोग विहीनहरुको सहयोगी सीताराम सर / १०
३. उमाको हिम्मत / १२
४. भविष्यको वारे सोच्न पनि सकिन - यम रसाईली / १५
५. वद्लिदै गरेको शुष्माको जीवनी / १८
६. अधिकार दावी गर्न सक्षम जनचेतना समुह / २०
७. कलियुगका श्रवणकुमार / २२
८. परिवर्तनकी वाहक सविना / २४
९. घरै छोड्ने निर्णय फिर्ता / २६
१०. महासंघले नै ल्याइदियो पुनारामको पुनरागमन / २८
११. चौतर्फी पहुँच बढाउदै स्वावलम्वन समुह / ३१
१२. सुन्दर भविष्यको यात्रामा पासाङ्गचोमु / ३४
१३. शिक्षाको ज्योति बाल्दै - विष्णुप्रसाद / ३६
१४. बलरामको बल / ३८
१५. खाना पकाउने भाडा भित्रको जिन्दगी / ४०
१६. पुरा हुदै आशारामका आशाहरु / ४२
१७. कर्णेबाट कर्णदाई / ४४
१८. हार नखाई जितेका - जितबहादुर / ४६
१९. स्थानीय तहको बजेट अपाङ्गताको विकासमा / ४९
२०. फेरिदै गरेको मेरो जीवन / ५३
२१. हार खाईन, जित्नको लागि संर्घषरत छु / ५५
२२. समन्वय गर्न सके सम्भव रहेछ / ४७
२३. स्वावलम्वन समूह सामाजिक कार्य तर्फ / ५९
२४. आत्मनिर्भर बन्दै कल्छे साउद / ६१
२५. बाबुले अर्केलाई टिपेर हिडेपछि विचल्ली श्रृजनाको फेरिएको जीवन / ६३
२६. आगोले खाएको सपना आगोले नै जोडिदियो / ६५
२७. प्रगतिको पथमा महासंघको जिल्ला च्याप्टर झापा / ६८

# भाग्यलाई पनि जित्यो कर्मले



विहान ७ बजेको छ । मान्छेहरु झुरुप्प बसिरहको देखिन्छन् । एक छिन त म अलमल्ल परें । कतै केही त भएको होईन भनेर ।

पछि बुझ्दा त पवित्राको पसलमा चिया पिउने, घरमा चाहिने सरसामान र तरकारी किन्ने मानिसहरुको भिंड रहेछ । पवित्रा पनि पसलमा हतार हतार गर्दै सामान दिने, चिया पकाउने, चिया दिने, गिलास माझ्ने, पैसा लिने काममा ब्यस्त

थिइन् । हामीले पवित्रालाई भेट्न आएको कुरा जानकारी गरायौं । उनी मुसुक्क मुस्कुराईन् अनि बस्न अनुरोध गरिन् । करिब १ घण्टापछि क्रमैसँग भिड कम हुँदै गयो । हामी पनि चिया पिउँदै गफ गर्न सुरु गर्यौं ।

उनले भनिन् मेरो नाम पवित्रा थापा हो । म वि.सं २०३७ सालमा इलाम जिल्लाको सोयाङ गाविसमा वडा नं २ जन्मेकी हुँ । मेरो परिवारको आर्थिक अवस्था एकदमै नाजुक थियो । म जन्मदै शारीरिक अपाङ्गता भएर जन्मेकी हुँ । मेरो घरमा म समेत ७ जनाको परिवार छ । म घरको तेस्रो सन्तान हुँ ।

२ वर्ष उमेर पुग्दासम्म पनि म ओल्टो कोल्टो गर्न सकिनछु । त्यस्तो देखेर परिवारलाई चिन्ता थपिएछ । यसै त परिवारको आर्थिक अवस्था कमजोर थियो । त्यसमाथि मेरो यस्तो समस्या भएपछी परिवारमा झन् चिन्ता थपियो । गरिवीको कारण राम्रो ठाउँमा लगेर उपचार गराउन सक्ने उहाँहरुको अवस्था थिएन । गाउँमा जसो तसो सामान्य उपचार गरिएछ । तर उपचार पश्चात पनि म राम्रोसँग हिड्डुल गर्न नसक्ने नै भएछु । यदि मेरो घरको आर्थिक अवस्था राम्रो भएको भए मेरो उपचार हुने थियो होला । मलाई त भाग्यले ठगेछ । उनी निकै भावुक बनिन् । उनको कुरा मात्र सुन्दै गयौं । हामीले केही बोलेनौ । उनको आखाँ रसाएका थिए । कुरा गर्दा गर्दै एकछिन हामीले कुरा बन्द गर्यौं । एक सुर्को चिया पियौं ।

पवित्राले आफ्नो विगतलाई पुनः यसरी सम्झिईन् । घरका सबै जना विद्यालय गएको देख्दा आफूलाई पनि किताब कापी च्यापेर विद्यालय जाने रहर थियो । तर आफै राम्रो सँग हिड्न नसक्ने भएपछि के गर्ने ? रहर भएर मात्र नहुदो रहेछ । पछि मैले पढ्ने धेरै रहर गरें । यो देखेर बुबाले मलाई विद्यालय लान र ल्याउन मद्दत गर्नु भयो । जसको कारण मैले १० कक्षासम्म पढ्न सकें । १० कक्षाभन्दा माथि पढाउन सक्ने मेरो परिवारको हैसियत थिएन । जसका कारण नचाहदा नचाहदै पनि पढाईलाई पूर्णविराम लगाएँ । तर पढ्न पाएको भए म कस्तो हुन्थे होला जस्तो लाग्छ । उनले निकै भावुक मुद्रामा सुनाईन् । उनको कुरा हामीले पनि मुटु दरो पारेर सुनिरहेका थियौ । घरि घरि हाम्रो मन पनि भावुक हुन्थ्यो ।

उनी थप्छिन् । हाम्रो समाजमा अपाङ्गता भएका व्यक्तिले के गर्न सक्छन् ? चुपचाप घरमा बस्नु पर्छ भन्ने चलन थियो । अपाङ्गता भएका व्यक्तिलाई हेर्ने दृष्टिकोण सकारात्मक थिएन । मलाई अपाङ्गता केहो ? यो के कारणले हुन्छ ? अपाङ्गता अधिकार के के हुन् ? यस विषयमा केही जानकारी थिएन ।

यतिकै घरमा पल्टेर वसिरहेको थिएँ । घरमा सकेको सहयोग गर्थे । सामान्य जीवन चलिरहेको थियो ।

घरमा वसिरहेको थिएँ। मैले अपाङ्गता अधिकारको वारेमा जिल्ला च्याप्टर इलामले राष्ट्रिय अपाङ्ग महासंघको सहयोगमा केही काम गर्न लागेको कुरा थाहा पाएँ । लगत्तै जिल्ला च्याप्टरको सम्पर्कमा पुगें । सबै कुरा बुझें । त्यस पछि हाम्रो गाउँमा स्वावलम्वन समुहको गठन भयो । म पनि समुहको सदस्य भएँ । समुहको सदस्य भएपछि ममा केही आशा जाग्यो ।

सदस्य भएपछि अपाङ्गता अधिकारको वारेमा जानकारी पाएँ । जिल्लामा गएर अपाङ्गता परिचय पत्र पनि लिएँ । हामीले पढ्नको लागि छात्रवृत्ति पनि पाउने कुरा थाहा पाएँ । बेलामा यो कुरा बुझ्न पाएको भए म पनि आज उच्च शिक्षा पढ्ने थिएँ होला जस्तो लाग्यो । तर अब समय वितिसकेको थियो ।

उनी थप्छिन्, समुहले मलाई जन वकालत तथा आयआर्जन सम्बन्धी तालिम दियो । स्थानीय श्रोत परिचालन सम्बन्धी तालिम दियो । उक्त तालिममा सहभागी भएपछि मलाई पनि अब आयआर्जन गर्नुपर्छ, आफ्नो खुट्टामा उभिनुपर्छ र समाजको लागि उदाहरणीय व्यक्ति बन्नुपर्छ भन्ने लाग्यो । शुरुमा यो चिया पसल गरें । विस्तारै किरानाका सामान थपें । राम्रो सँग चल्न थालेपछि अहिले तरकारी पनि राखेको छु । यसबाट सबै खर्च कटाएर मासिक १३ हजार जति बचाउँछु । घर पनि राम्रो सँग चलेको छ ।

यसको अलवा गाउँ गाउँमा अपाङ्गताको अधिकारको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको छु । हिजोआज मलाई लाग्छ अपाङ्गता भएको ब्यक्ति भएर के भो र ? समाजमा उदाहरण बन्न सके सबैले चिन्ने र सम्मान गर्ने रहेछन् । उनी थप्छिन् म धेरै खुसी छु । एक मुठी श्वास रहेसम्म अपाङ्गताको अधिकारको लागि लड्ने छु । उनीको बहादुरी देखेर हामी पनि छक्क भयौं । शुभकामना दिँदै त्यहाँबाट उठेर हामी हिड्यौं । हाम्रो देशमा कति यस्ता व्यक्तिहरु लुकेर बसेका होलान् । आफ्नो अधिकार थाहा नभएर कति जनाको भविष्य अन्योलमा होला । जिल्ला च्याप्टर र महासंघले यस्ता व्यक्तिहरुलाई सकेसम्म चाडो वाहिर निकाल्नु पर्छ जस्तो लाग्छ । धन्यवाद छ पवित्रालाई । र धन्यवाद छ सबैलाई जसले हजारौ पवित्रालाई यसरी नयाँ जीवन दिएकोमा । ◆

# सहयोग विहीनहरुको सहयोगी
# सीताराम सर

ईलाम जिल्लाको पञ्चकन्या गाविसमा सीताराम रेग्मीको सम्पन्न परिवारमा जन्म भयो । सीताराम सरले जीवनलाई कहिले फर्केर हेर्नु परेको थिएन । आईएड पढ्दा पढ्दै उहाँ सरकारी विद्यालयमा शिक्षक हुनुभयो । आइएड पास गरेपछि स्थानीय श्री पञ्चकन्या प्राथमिक विद्यालयमा प्रधानाध्यापक हुनु भयो । यता घरमा गाई पालन तथा चिया खेति थियो । यसले उनको आम्दानी पनि राम्रो थियो । परिवारमा ५ जना सदस्यहरुको जीवन खुसीसाथ वितिरहेको थियो ।

समय पनि कति निष्ठुरी हुदोरहेछ । एकपटक ईलामवाट काठमाण्डौ जाने क्रममा बस दुर्घटना भयो । त्यही दुर्घटनाबाट उनी नराम्रोसँग घाइते भए । उनलाई हतार हतार गर्दै अस्पताल लगियो । तर जति उपचार गरेपनि ठिक भएन । अन्ततः उनको एउटा खुट्टा गुम्यो र उनी सदाको लागि शारिरीक अपाङ्गता भएका व्यक्ति हुन पुगे । शुरुको दिनहरु उनको साह्रै कहाली लाग्दो भयो । करिब १ वर्षसम्म त उनी विद्यालय जान पनि सकेनन् । उनी विस्तारै आफ्नो लयमा फर्कदै गए । त्यसपछि बैशाखीको सहारामा विद्यालय जान थाले । पुनः



बालबालिकालाई पढाउन थाले आफ्नो दुःख पिडालाई भुलेर।

कहिलेकाहीँ विध्यालयमा विध्यार्थीहरुलाई अपाङ्गता सम्बन्धी पढाएको थाहा थियो तर त्यतिखेर सम्म अपाङ्गता के हो ? अपाङ्गता भएका व्यक्तिको अधिकार के हो ? उनले राम्रोसँग बुझेका रहेनछन् । सायद चासोको विषय नै परेन की ?

जब जिल्ला च्याप्टरले राष्ट्रिय अपाङ्ग महाँसंघको सहयोगमा अपाङ्गता अधिकार सम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याउने भयो । उनले पनि चासो दिएछन् । त्यस कार्यका लागि भरपुर सहयोग पनि गरे ।

उनको काम प्रतिको लगाव देखे पछि, जिल्ला च्याप्टरले कार्यक्रममा सम्लग्न हुन अनुरोध गर्यो । अन्नतः अपाङ्गता भएको व्यक्तिहरुको अधिकारको लागि क्षितिज स्वावलम्वन समुह गठन भयो । सबैको अनुरोधमा सीताराम सरले समुहको अध्यक्ष पद जिम्मा लिए ।

जब उनी अध्यक्ष बने, यस मार्फत गाउँमा भएका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरु लाई एकै ठाउँमा भेला गराए । समुहमा बसेर अपाङ्गता अधिकारको लागि नेतृत्व विकासको तालिमका साथसाथै अन्य तालिम पनि पाए । त्यसपछि अपाङ्गताको अधिकार अझ राम्रोसँग बुझ्न पाए । यस पछिका दिनमा गाउँ, जिल्ला तथा राष्ट्रिय स्तरमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको लागि वकालत गर्न थाले । उनको कामलाई अन्य साथीहरुले पनि सहयोग गर्दै गए ।

जिल्ला भरीका अपाङ्गता भएको व्यक्तिहरु र तिनका परिवारलाई अधिकार प्राप्तीको लागि संगठित गर्ने काम गरे । कुनै ठाउँमा पनि अपाङ्गता भएका कारण हेला, अपमान हुन नपरोस् भन्ने उनको अभियान हो ।

हिजो आज कहीँ कुनै ठाउँमा अपाङ्गताको सवालमा आवाज उठाउनु परे तुरुन्तै उनी पुग्छन् । जिल्लाको ठूलाबडालाई तुरुन्तै डाक्छन् । जिल्ला भरिमा अपाङ्गता भएका बालबालिकाको लागि समावेशी शिक्षा र छात्रवृत्तिको लागि पहल गरिरहेका छन् । यदि कुनै विद्यालयले नमाने तुरुन्तै त्यसको प्रतिकार गर्छन् । त्यसको लागि वकालत गर्छन् । स्वास्थ्य, शिक्षा र आय आर्जनका लागि अपाङ्गताले पाउने हक अधिकारका लागि तल्लीन छन् सीताराम सर । सहयोग विहीनहरुको सहयोगी बनेका छन् उनी । आवाजवीहीनहरुको लागि आवाज बनेका छन् सीताराम सर । सरको उत्साह सधै यसरी नै अघि बढि रहोस् । ◆

# उमाको हिम्मत

ईलाम जिल्लाको बरबोटे गाविस वडा नं ४ मा आज भन्दा ३५ वर्ष अगाडि उमादेवी घिमिरेको जन्म भएको थियो । उनको परिवारमा उनी सहीत ११ जना सदस्य रहेका छन् । सामान्य खेतीपाती गर्ने परिवारमा जन्मेकी उमाको परिवारमा दुई छाक खान भने चटारो थिएन ।

जन्मेको ३ वर्षसम्म केही पनि नबोलेपछि परिवारले उनलाई अस्पताल पुर्याए । धेरै उपचार गर्दा पनि उमाको स्वर आएन ।

उनी भन्छिन् मेरो उमेर बढ्दै गइरहेको थियो । बोल्न नसक्ने भईयो । त्यसपछि परिवार र साथीभाईसँग आफ्ना मनको कुरा भन्न पनि सकिन । त्यसकारण गाउँका साथीभाइ भन्दा टाढा बस्नु परेको अनुभव उनीसँग छ । त्यति मात्र कहाँ हो र ? समाजका व्यक्तिले गरेको अपमानजनक व्यवहारले उनको मुटु नै चस्स दुख्थ्यो । किन मलाई यस्तो भनेको होला भन्ने लाग्थ्यो । रिस उठ्थ्यो । तर जवाफ फर्काउन सक्दिन थिएँ । उनले



आफ्ना भावना कापीमा लेखेर देखाइन् ।

अरु साथीहरु झोला बोकेर विद्यालय गएको देख्दा आफूलाई पनि जाऔं जाऔं लाग्दथ्यो । एक दिनको कुरा हो, मैले आफू पनि विद्यालय जाने कुराको इसारा गरें । आमा बुबाले बुझ्नु भयो । धेरै कर गरेपछि मलाई पनि विद्यालयमा भर्ना गरिदिनुभो । अनि म खुसी हुँदै नियमित विद्यालय जान थालें ।

विद्यालयमा गएको सुरुका दिनहरु त सबैले जिस्काउथे, नराम्रो ठान्थे । मैले ईशारा गरेको देखेर साथीहरु खित्का छोडेर हास्ने गर्दथे । गुरुले कक्षामा पढाउदा धेरै कुरा भन्न मन लाग्दथ्यो । तर बोल्न सक्दिन थिएँ । बोल्न मन लागेको कुरा बोल्न नसक्दा । आफूलाई धेरै दुःख लाग्दथ्यो । मलाई नै किन यस्तो भएको होला । म पनि अरु जस्तै कहिले बोल्न सक्छु होला भन्ने कुरा मनमा खेलिरहन्थ्यो ।

निकै लगन र मेहनतको साथ पढें । मेरो पढाइ पनि अरु भन्दा कम थिएन । विद्यालयमा राम्रो नम्बर ल्याएको देख्दा विस्तारै गुरु तथा साथीभाइबाट माया पाउन थाले । यद्यपी हाम्रो समाजले अपाङ्गता भएको व्यक्तिलाई हेर्ने दृष्टीकोण भने त्यति राम्रो थिएन । यिनिहरु भनेको पृथ्वीको भार मात्र हुन् भन्ने चलन थियो । यिनिहरुले केहि काम गर्न सक्दैनन् भन्ने गर्दथे । परिवारका सदस्य कही जानु परेमा मलाई घरमा नै छोडेर जान्थे । कुनै कार्यक्रममा गईयो भने पनि चुपचाप घर फर्कनु पर्ने हुन्थ्यो । के गर्ने पिडा त छदैथियो जुन पिडा आफैसँग संगालेर राखेको थिएँ ।

यसै वीच मैलै २०५५ सालमा एसएलएसी दोस्रो श्रेणीमा पास गरें । उच्च शिक्षाको लागि ईलाम फाउण्डेसनमा भर्ना भए । त्यतिखेर सम्म बोल्न नसके पनि चेतनाको विकास भइसहेको थियो । अब मलाई विस्तारै समाज परिवर्तन गर्नुपर्छ भन्ने लाग्यो । समाजले अपाङ्गता भएको व्यक्तिहरुलाई हेर्ने दृष्टिकोण वद्लिनु पर्छ भन्ने अभियान सुरु गर्न मन लाग्यो । यसको बारेमा मेरा मिल्ने साथीहरु मार्फत कलेजमा कुरा उठाउन थालें । तर सुनिदिने कोही भएनन् । म निरीह भएँ । अवसरको खोजीमा थिएँ । मैले बुझ्ने जस्तो अरुले बुझ्न पनि सकेनन् । मलाई कसले साथ दिन्छ होला भनेर खोजी रहेको थिएँ । यसैबीच राष्ट्रिय अपाङ्ग महासंघ र जिल्ला च्याप्टर ईलामले अपाङ्गता अधिकारको लागि काम गर्न लागेको कुरा थाहा पाएँ । म जिल्ला च्याप्टर कार्यालयमा पुगेर यस सम्वन्धी विस्तृत कुरा बुझें ।

हाम्रो गाउँमा पनि अपाङ्गता अधिकारको लागि केही काम हुन लागेको जानकारी पाएँ । त्यसपछि जिल्लाका पदाधिकारीहरुलाई आफ्नो गाउँमा

निमन्त्रणा गरें । उहाँहरुको सक्रियतामा अपाङ्गता अधिकारको लागि स्वावलम्बन समुह गठन भयो । म पनि त्यस समुहमा सदस्य बनें । यसमा नियमित रुपमा अपाङ्गता अधिकारको लागि छलफल, वहस हुन थाल्यो । अझ हाम्रो ठाउँमा भएको अपाङ्गता भएको व्यक्तिहरुको वास्तविक समस्याहरु छलफल हुन थाल्यो । जिल्ला च्याप्टरबाट जनचेतनामूलक तालिम, क्षमता तथा नेतृत्व विकास तथा अन्य तालिमहरु प्रदान गर्नु भयो । यसबाट मैले अपाङ्गता भनेको के हो ? कस्ता व्यक्तिलाई कुन खालको अपाङ्गता रहेको व्यक्ति भन्छन् ? अपाङ्गता अधिकार के हो ? राज्यले अपाङ्गता भएको व्यक्तिलाई दिने अधिकार सेवा सुविधा के के रहेका छन् भन्ने वारे जानकारी पाए । फलस्वरुप, हामीले हाम्रो अधिकारको लागि वकालत गर्न शुरु गर्यौं । गाउँ गाउँमा लुकेर बसेका अपाङ्गता भएको व्यक्तिहरुको आवाज सरोकार निकायसम्म पुर्याउन थाल्यौं । घरवाट वाहिर निस्कन नचाहने अपाङ्गता भएका व्यक्तिहरुलाई वाहिर निकाल्न सफल भयौं । फलस्वरुप अपाङ्गता भएका व्यक्तिले पाउने शैक्षिक छात्रवृत्ति, अपाङ्गता परिचय पत्रहरु सजिलै पाउन थाले । यति मात्र कहाँ हो र ? स्थानीय निकायले समेत अपाङ्गता अधिकारको लागि बजेट विनियोजन गर्न थाल्यो । यसले अपाङ्गता भएको व्यक्तिहरुको अधिकारमा पहुँच पुग्न थालेको छ ।

म गाउँ गाउँमा पुगेर अपाङ्गताको अधिकारको लागि सचेतना जगाउने काम गरिरहेको छु । साथै आफ्नो पढाईलाई पनि निरन्तरता दिइरहेको छु । अहिले म ईलाम फाउण्डेसनमा स्नातकको अन्तिम वर्षमा अध्ययन गर्दैछु । घरलाई अर्थिक भार नहोस् भनि समुहले दिएको सीपलाई व्यवहारमा उतार्न आफैं तरकारी खेती पनि गर्दैछु । यसले मेरो सामान्य दैनिकी पनि चलेको छ ।

मलाई खुसी लाग्छ । हिजो मलाई हेला गर्ने समाजले सम्मान गर्न थालेको छ । हिजो अपमानजनक शब्द बोल्ने व्यक्तिले माया र प्रेम दर्साउन थालेका छन् । मलाई मात्र कहाँ हो र ? म जस्ता सबैको लागि समान व्यवहार देखिन थालेको छ । यस्तो देख्दा म र मेरो समुहका साथीहरुलाई गर्व लाग्छ । गर्यो भने सबथोक हुदो रहेछ भन्ने हिम्मत पनि बढेको छ । अझ म सशक्तरुपमा अपाङ्गता अधिकारको लागि निरन्तर लड्ने छु । ◆

# भविष्यको वारे सोच्न पनि सकिन - यम रसाईली

कैलाली जिल्लाको दुर्गम ठाउँ बलिया गाविस वार्ड नं. ४ लम्कीमा वि.सं. २०३६ सालमा यम रसाईलीको गरिब परिवारमा जन्म भएको थियो । यम जन्मदै शारीरिक अपाङ्गता भएर जन्मिए । अरु अपाङ्गता भएको व्यक्तिको जस्तै उनको पनि आफ्नै कथा छ ।

मेरो अभिभावकले परिवार चलाउनको लागि ज्याला मजदुरी गर्नैपथ्र्यो । त्यस माथि कहिले नेपाल बन्द, कहिले बजार बन्द । यसले दैनिक ज्यालादारी गरेर परिवार पाल्नेहरुलाई हैरान नै बनाएको थियो । कतिदिन त हामीले खान पनि पाईएन । गरिवी कै कारण हाम्रो घरको कसैले पनि पढ्न सकेका थिएनन् । म पनि त्यहि मध्येमा एक थिएँ ।

तर मलाई भने पढ्न असाध्य मन थियो । अरु विद्यालय गएको देख्दा मलाई पनि पढ्न जाउँ जाउँ लाग्दथ्यो । एक दिन मैले बुबा आमालाई आफ्नो पढ्न जाने इच्छा सुनाए । मेरो इच्छालाई उहाँहरुलाई स्वीकृत गरिदिनु भयो । बुबाको काधमा चढेर रमाउदै विद्यालय जान थालें । म पनि निकै मेहनत गरेर पढिरहेको थिएँ तर गरिवीको कारणले गर्दा १० कक्षाभन्दा माथिको अध्ययन गर्न सकिएन । यसको अर्को कारण भनेको अपाङ्गता हुनु पनि थियो । म हिडेर विद्यालयसम्म पुग्न सक्दिन थिएँ । विद्यालयमा तिर्नु पर्ने खर्च पनि परिवारले थेग्न सकेन । जसका कारणले

मैले पढाईलाई निरन्तरता दिन सकिन । अब भने म घरमै परिवारलाई सकेको सहयोग गर्दै बसिरहेको थिएँ । अवसरको खोजीमा थिएँ । यसै बीच आफ्नो गाउँमा अपाङ्गता अधिकारको लागि केही काम हुन लागेको जानकारी पाएँ । त्यसको वारेमा चासो राखें । सहभागिता जनाउने प्रतिवद्धता पनि गरे ।

उनी थप्छन्, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र जिल्ला च्याप्टर कैलालीको आयोजनामा अपाङ्गता भएका ब्यक्तिहरुको सामाजिक समावेशीकरण नामक कार्यक्रम वि.सं २०७० वाट सञ्चालन भयो । जस परियोजना अन्तर्गत भगवती स्वाबलम्वन समुह गठन भयो । सबैको सल्लाह अनुसार म त्यस समुहको संयोजक हुन पुगें । सुरुमा त संयोजकको काम के हो ? के गर्नुपर्छ भन्ने मलाई केही थाहा थिएन । हुन त समुह गठन गर्दा नै यस वारेमा वताइएको थियो । तर पनि मैले खास बुझेको थिइन् । मलाई मानिसको अगाडि गएर बोल्न पनि डर लाग्थ्यो । बोल्न जान्दिन थिएँ । समुहमा आए पछि, नेतृत्व विकास तथा अधिकारमा आधारित र अन्य विभिन्न प्रकारका तालिमहरु पाएँ । यसबाट अपाङ्गताको अधिकार, सुसासन तथा अन्य सम्बन्धी जानकारी भयो । यसका साथै आफ्नो ठाउँका अपाङ्गता भएका साथीहरुको मनोभाव, समस्याहरु बुझ्ने मौका मिल्यो । स्थानीय स्तरमा अपाङ्गता भएका व्यक्तिहरुको समस्या पहिचान गर्न, समस्या समाधान गर्न स्थानीय निकायमा सबै मिलेर वकालत गर्ने काम शुरु गरियो । हामीले स्थानीय निकायमा पनि अपाङ्गता भएको व्यक्तिको लागि आएको रकम छुट्टाउन दवाव दियौं । जसका कारण गाविसले २ लाख ८५ हजार बजेट विनियोजन गर्यो ।

प्राप्त बजेट मार्फत अपाङ्गता भएको व्यक्तिको जीवनस्तर सुधार हुने खालको आयमूलक कामजस्तैः वाख्रापालन, कुखुरापालन, सिलाईबुनाई तालिमको आयोजना भयो । मैले पनि सिलाई बुनाईको तालिम पाएँ । यस तालिमले मलाई आयआर्जन गर्ने बाटो खुलाइदियो । शुरुमा सिलाई बुनाईको काम गरें र त्यसवाट भएको आम्दानीवाट पछि  कपडाको पसल पनि थपें । यस व्यवसायबाट अहिले मासिक रुपमा १० देखि १२ हजारसम्म सहकारीमा बचत गर्ने गरेको उनी बताउछन् ।

मैले स्वाबलम्वन समुह मार्फत अपाङ्गता अधिकार सम्बन्धी सचेतना गर्ने र सरोकारवालासँग वकालत गर्ने तथा नेतृत्व विकास सम्बन्धी तालिमहरु सञ्चालन गर्ने काम गरिरहेको छु । यी मध्ये कतिपय तालिमहरुमा सरोकारवाला निकायहरुको समेत सहभागिता गराइरहेको छु । यसले गाउँमा अपाङ्गता अधिकारको वारेमा चासो बढ्न थालेको छ

। हाम्रो अभियानलाई सरोकारवालाहरुबाट पनि राम्रो सहयोग मिलेको छ । हामी बोल्दा हाम्रो पक्षमा बोलिदिनेको संख्या पनि बढेको छ । यसमा म धेरै खुसी छु ।

उनी अहिले स्वावलम्वन समुहमा मात्र हैन बजार व्यवस्थापन तथा समुदायको सरसफाइ समितिमा सदस्य पनि बनेकाछन् । नियमित बजार व्यवस्थापन तथा बजार सरसफाइ हुने गरेको छ । उनी पनि कपडाको पसल साथै सिलाई कटाईको कामलाई निरन्तरता दिईरहेका छन् । जसका कारणले गर्दा समाजमा उनलाई हेर्ने दृष्टिकोण वद्लिएको छ ।

उनी भन्छन् " स्वाबलम्वन समुहले मेरो जीवनमा नयाँ आयाम थपिदिएको छ । जुन मैले कल्पनासम्म पनि गर्न सकेको थिइन् ।"

यसरी अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वाबलम्वन समुहले सचेतना अभियान संगै सामाजिक समायोजनको कुरालाई लिएर अपाङ्गता भएका व्यक्तिहरुको मनोभावना, कार्यक्षमता र दैनिकीमा नै क्रमिक रुपले परिवर्तन भएको देख्दा स्वाबलम्वन समुहको प्रभावकारिता प्रष्ट देखिन्छ । यस्तो कार्यक्रम पहिले नै लागु भईदिएको भए म पनि अपाङ्गता अधिकार सम्बन्धी जनवकालत बेलै देखि गर्न सक्थें । पढाईलाई पनि निरन्तता दिन सक्थें उनी भन्छन् । भविष्यमा समेत अपाङ्गता अधिकारको लागि गाउँ, जिल्ला, क्षेत्र र राष्ट्रिय स्तरसम्म वकालत गर्ने लक्ष्य उनमा छ । हाम्रो पनि शुभकामना । ◆

# वद्लिदै गरेको शुष्माको जीवनी

गरिव भएँ त के भयो ? तर पनि खुसी थिएँ । बाल्यकालमा धेरै दुःख भोगें । तर त्यो पनि सहें । कहिले हरेस खाइन बरु गरिवीको विरुद्धमा लड्दे अगाडि बढें । तर एक्कासी म माथि बज्रपात पर्यो । जुन म भन्न पनि सक्दिन र सम्झदा पनि मलाई गाह्रो हुन्छ । भक्कानिदै शुष्मा भण्डराले आफ्नो कुरा सुनाइन् । वि.सं २०५१ सालमा कैलाली जिल्लाको साडेपानी गाविस वडा नं. ६ मा गरिव परिवारमा उनको जन्म भएको थियो । घरमा उनी सहीत ९ जनाको परिवार छ ।

बुवा आमाले ज्याला मजदुरी गरेर ९ जना परिवारलाई खान लगाउन धौ–धौ थियो । दुःख कष्ट भोग्दै परिवारका सबैजनाले कष्टपुर्वक जीवन विताइरहेका थिए । किनकी गरिबीले हामीलाई छोडेको थिएन । आर्थिक अवस्था निकै दयनिय भएको कारण पढाईलाई भने परिवारका सबैले निरन्तरता दिन सकेका थिएनन् । तर शुष्माले भने जसरी तसरी पढाइलाई निरन्तरता दिइनै रहिन् ।

घरमा धेरै दिन छोरी राख्नु हुदैन भन्ने चलन हाम्रो गाउँमा थियो । मलाई सोध्दै नसोधी सानै उमेरमा १६ वर्ष पुग्दा नपुग्दै २०६६ सालमा गाँउमै मेरो विवाह भयो । विवाह भएको एक वर्षपछि उनी १ छोराकी आमा बनिन् । जेहोस गरिव भए पनि खुसी साथ जीवन चलिरहेको थियो । तर उनको खुसी लामो समयसम्म टिकेन । यस खुसीलाई सायद भगवानले पनि देख्न सकेनन् की के हो ?

उनी भन्छिन्, गाई बस्तुलाई घाँस काट्न म रुखमा चढें । मलाई के भयो थाहा भएन, एक्कासी रुखबाट भुईमा बजारिएँ । अस्पतामा उपचार भयो । तर के गर्ने उपचारले खासै काम गरेन । अन्ततः म शारीरिक अपाङ्गता भएको व्यक्ति भएँ । अपाङ्गता भएपछि पहिलाको जस्तो काम गर्न सकिन । परिवारले मलाई नै सहयोग गर्नुपर्ने भयो । त्यस पछि श्रीमान र घरपरिवारका अरु सदस्यले साह्रै हेप्ने र हेला गर्ने गर्न थाले । म गर्न सक्ने हुँदा, मेरो काम खान पाउन्जेल केही भन्दैन

थिए । घर परिवारको म प्रतिको व्यवहार राम्रै थियो । अहिले गर्न नसक्ने भएपछि सबैको व्यवहार परिवर्तन भयो र मैले हेलामा पर्नु पर्यो ।

उनलाई परिवारले गर्ने व्यवहार, हेपाई र अपशब्दहरुको कारणले जिन्दगी नै धिक्कार लाग्न थाल्यो । यसपछिको एउटै मात्र विकल्प आत्महत्या रोजिन् उनले । जुनकुरा उनको साथी मार्फत स्वाबलम्वन समुहले थाहा पायो। उनिलाई स्वाबलम्वन समुहका पदाधिकारीले सम्झाई बुझाई गरेपछि बाच्नु पर्छ भन्ने आशा पलायो । उनी आत्महत्याबाट पछि हटिन् र केही गर्नु पर्छ भनि स्वावलम्वन समुहमा आवद्ध भईन् । उनी समुहमा सदस्य भएपछि विभिन्न कार्यक्रमहरुमा सहभागी भएर अपाङ्गता अधिकार, राज्यबाट पाउने सेवा सुविधा जस्ता कुराहरुको जानकारी पाईन् । यसले उनी भित्रको क्षमताहरु वाहिर निकाल्न सहयोग पुग्यो । अधिकारका लागि सबै ठाउँमा आवाज निकाल्न थालिन् । उनको सक्रियताका कारण नजिकैको विद्यालयमा प्रा. वि. तहको शिक्षक समेत बन्न सफल भइन् । यसको साथै उनी हिमचुली सहकारी संस्थाको अध्यक्ष बनिन् ।

यी कामले गर्दा समाजमा उनको प्रतिष्ठा बढ्दै गयो । घर परिवारले हेर्ने पनि बदि्लन थाल्यो । अहिले परिवारका सबैले सम्मान गर्न थालेका छन् । उनिप्रति गर्ने व्यवहार परिवर्तन गर्न थालेका छन् साथै उनी आफूले गर्न नभ्याएको काममा पनि सहयोग गर्न थालेका छन् ।

आज म अपाङ्गताको वावजुद पनि यति खुसी छु की म भगवानलाई धन्यवाद दिन चाहन्छु । भगवानले मेरो पुकार सुनिदिनु भयो जस्तो लाग्दछ । म जिल्ला च्याप्टर तथा स्वावलम्वन समुहलाई पनि धन्यवाद दिन चाहन्छु जसको कारण आज म यो ठाउँमा उभिन पाएको छु । आगामी दिनमा समेत अपाङ्गता अधिकारको लागि निरन्तर लागिरहने बचन पनि व्यक्त गर्दछु । उनी भन्छिन् । ◆




# अधिकार दावी गर्न सक्षम जनचेतना समुह

जनचेतना अपाङ्ग स्वावलम्वन समुह वीरेन्द्रनगर ११, सुर्खेत १८ बैसाख २०७१ मा औपचारिक रुपमा स्थापना भएको समुह हो । जसलाई नर बहादुर कसेराले नेतृत्व दिईरहनु भएको छ । ९ सदस्यीय कार्यकारी समिति भएको उक्त समुहमा २२ जना साधारण सदस्य आवद्ध भएका छन् । यो समुहमा आवद्ध हुनु पूर्व सबै जनाले गाउँमा एकल रुपमा सघर्ष गरिरहेका थिए । कोही कसैले एक अर्कालाई चिनेका समेत थिएनन् । आ-आफ्ना समस्यासँग आ-आफू नै जुधिरहेका थिए । कोही दैलेख, कोही जाजरकोट, जुम्ला, सुर्खेतको अन्य ठाउँ लगायतका विभिन्न स्थानबाट यस ठाउँमा बसाई सराई गरी विरेन्द्रनगर आएका थिए ।

जब यस गाउँमा राष्ट्रिय अपाङ्ग महासँघ जिल्ला च्याप्टरले काम गर्न शुरु गर्यो । त्यस पछि अपाङ्गता भएका व्यक्तिहरु एक ठाउँमा जम्मा भए । एकै थलोमा जम्मा भई सामुहिक काम गर्नुपर्छ भन्ने कुराको महशुस महासँघले गराएको थियो । महासँघको सहजीकरण र स्वावलम्वन समुह गठन पश्चात अपाङ्गता भएका व्यक्तिहरुको कानुनी अधिकार, प्रावधान र पाउने कल्याणकारी फाईदाका बारेमा पनि थाहा भयो । त्यस पछि विस्तारै यस समुहमा क्षमता अभिबृद्धि र आयआर्जनका कामहरु पनि

शुरु भयो ।

अहिले जनचेतना अपाङ्ग स्वावलम्वन समुह वीरेन्द्रनगर ११ ले समुहमा आबद्धता पश्चात विभिन्न उपलब्धिहरु हासिल गरेको छ । अपाङ्गता भएका व्यक्तिहरु र तिनका अभिभावकहरु समुहमा आवद्ध भए । अहिले ३२ जनालाई यस समुहले समेटेको छ । अपाङ्गता



सम्बन्धी अधिकारको आवाज उठाउन र अधिकार दावी गर्न सक्ने भएको छ । १५ घरपरिवारले आयआर्जनका कार्यक्रमबाट फाईदा लिइरहेका छन् । जसको कारणले आर्थिक हिसावले पहिलेको कष्टकर जीवनबाट सरल जीवन विताउन सजिलो भएको छ ।

३२ जना नै स्वावलम्बन समुहका सदस्य सरकारबाट अपाङ्गताको परिचय पत्र प्राप्त गरेका छन् । सामुहिक मासिक बचत तथा ऋण शुरु गरी समुहमा रु १३ हजार ५ सय जम्मा भएको छ । ६ जना बालबालिकाले स्रोत विद्यालयमा भर्ना भई विशेष शिक्षा लिन पाएका छन् । यो समुहले अन्य सहयोगी संस्थाहरुसँग पनि सम्वन्ध स्थापित गरेको छ जस्तै आई.एन.एफ, डेक, सरकारी तथा गैरसरकारी निकायहरु । हालसालै मात्र यस समुहले वीरेन्द्रनगर नपा बाट रु ५० हजार प्राप्त गरेको छ । १० जनाले एक संस्थाबाट स्वास्थ्य सेवा प्राप्त गरेका छन् । १० जनाले अपाङ्गता भएकाहरुलागि प्रयोग हुने उपकरण हरु सुन्नका लागि प्रयोग हुने यन्त्र, छडि, ह्वील चियर आदि प्राप्त गरेका छन् । अन्ततः यस समुहले अपाङ्गता सम्वन्धी सेवा सुविधा प्राप्त गर्नका लागि प्रेषण प्रणाली स्थापना गरेको छ । जसका लागि आवश्यक लेटरप्याड, छाप आदि बनाएको छ ।

जनचेतना अपाङ्ग स्वाबलम्वन समुह वीरेन्द्रनगर ११ ले आफ्नो निरन्तरताका लागि भावी योजना पनि बनाएको छ । यस समुहलाई जिल्लामा परिचित समुह बनाउनका लागि समुहमा आवद्ध सम्पूर्ण व्यक्तिहरुको कडा प्रतिवद्धता पनि छ । उहाँहरु जिल्लामा अपाङ्गता सम्बन्धी काम गर्ने नमुना समुहको रुपमा आफ्नो समुहलाई चिनाउन चाहनुहुन्छ जसले गर्दा अरुलाई पनि यहाँका राम्रा अभ्यासहरुलाई अनुकरण गर्न वा विस्तार गर्न सहायता पुगोस् भन्ने चाहना राख्नु भएको छ । ◆

# कलियुगका श्रवणकुमार

मेरो नाम श्रवणकुमार यादव हो । म शारीरिक अपाङ्गता भएको व्यक्ति हुँ । अहिले म २९ वर्षको भएँ । हाल म सनसाईन नामक संस्थामा काम गर्छु । मेरो मासिक १० हजार तलब छ । यसले मलाई आफ्नो अध्ययन र सामान्य घर परिवार चलाउन सहज भएको छ । निकै खुसी मुद्रामा श्रवणकुमार प्रस्तुत भए ।

उनले आफ्नो जीवनका वारेमा यसरी सुनाए ।

मेरो पनि अरु सामान्य व्यक्तिको जस्तै सपना थियो । यो हुनु स्वभाविक नै लाग्दथ्यो । म आफ्नो सपनालाई विपना बनाउन चाहन्थे । धेरै पढ्ने, राम्रो जागिर खाने, सुन्दर घर बसाल्ने तथा अपाङ्गता अधिकारको लागि वकालत गर्ने । तर सपना भएर मात्र के गर्ने ? पढ्न जाऔं आर्थिक अवस्थाले भ्याउदैन थियो, न पढौं सपना पुरा हुदैन थियो । म निकै अफ्ठेरोमा परेको थिएँ । आफ्ना मनका कुरा कसलाई भन्ने ? कसले मेरो कुरा बुझ्ने ? दोधारै दोधारको जिन्दगीमा रुमल्लिरहेकोको थिएँ ।

यसैबीच ढुङ्गा खोज्दा देउता मिले झैं भयो । जिल्ला च्याप्टर कपिलवस्तुलाई मैले भगवान कै रुपमा पाए । जिल्ला च्याप्टरले मेरो कुरा बुझ्यो । उहाँहरुको सहयोगमा ८ कक्षा पढ्नको लागि जिल्ला शिक्षा कार्यालयबाट छात्रवृत्ति उपलब्ध गराईदिनु भयो । यसले ममा छुट्टै उर्जा थप्यो । मलाई पढेर केही गर्छु भन्ने रहर जाग्यो । मैले कस्तो पढ्दैछु भनेर बुझ्नका लागि जिल्लाबाट सरहरु आउनु हुन्थ्यो । उहाँहरुको निरन्तर प्रेरणा र सहयोगबाट १० कक्षासम्म जहदी माध्यमिक विद्यालयमा छात्रावृत्तिमा पढे । एस एल सी उतिर्ण भएपछि म हर्षविभोर भएँ । मेरो खुसीको सिमा नै रहेन । एकातिर खुसी थियो, अर्कातिर उच्च शिक्षा कसरी हासिल गर्ने



भन्ने चिन्ता थियो । अब कोसँग सहयोग माग्ने अलमल परिरहेको थिएँ । यसै वेला पुनः जिल्ला च्याप्टरका अध्यक्षले उच्च शिक्षा अध्ययन गर्नका लागि छात्रवृत्तिको लागि पहल गरिदिनु भयो । नभन्दै उच्च शिक्षाको लागि छात्रवृत्ति पाउने पनि निश्चित भयो । अब म ढुक्क भएर उच्च माविमा पढ्न थालें । यसका साथै आफ्नै गाउँमा अपाङ्गता अधिकारको लागि सञ्चालन भएको सामाजिक समावेशीकरण कार्यक्रम अन्तरगत बनेको स्वावलम्वन समुहको सदस्य भएँ ।

पढाइको साथै स्वावलम्वन समुहमा निरन्तर सहभागी हुन थालें । जसको कारणबाट मैले अपाङ्गता अधिकारको वारेमा राम्रोसँग बुझ्न थाले । मैले नेतृत्व विकास तालिम लगायत अन्य विभिन्न तालिमहरु पनि पाएँ । यी तालिमहरुबाट मैले आफ्नो अधिकार बुझ्न सकें । त्यसपछि गाउँ विकास समितिमा गएर अपाङ्गता अधिकारको लागि बजेट छुट्याउन वकालत गर्न थालें । गाविसले पनि २०७१ सालमा १ लाख बजेट छुट्याइदियो ।

यसरी छुट्याएको रकमबाट अपाङ्गता भएका व्यक्तिहरुको क्षमता अभिवृद्धि गर्ने काम भयो । मेरो काम देखेर महासंघले गैंडाकोटमा आयोजना गरेको व्यवस्थापन तालिममा जाने मौका पाएँ । त्यसले मलाई अपाङ्गताको क्षेत्रमा अझ बढी काम गर्नु पर्दछ भन्ने प्रेरणा दियो । म निरन्तर जिल्ला च्याप्टरको सम्पर्कमा रही अपाङ्गता अधिकारको लागि लडिनै रहें ।

मैले बार्ह कक्षा पास गरिसकेको थिएँ। सनसाईन संस्थामा कर्मचारीका लागि आवेदन खुलेको थाहा पाएँ, त्यस पदका लागि मैले महासंघको जिल्ला अध्यक्षलाई पहल गरिदिन अनुरोध गरेँ । उहाँले पहल पनि गरिदिनु भयो । मेरो जागिर भयो । त्यस पछि उक्त संस्थामा काम गर्ने अवसर प्राप्त भयो । सायद म जिल्ला च्याप्टरको सम्पर्कमा आउन नसकेको भए पढ्ने र हाल नोकरी गर्ने अवसर प्राप्त हुँदैनथ्यो ।

मैले अब बि.एड. पढ्ने सोच बनाईरहेको छु । अब म कुनै पनि काम गरी जिवन धान्न सक्छु भन्ने आत्मबल ममा आएको छ । म धेरै खुशी छु । अहिले मलाई गाउँका साथीहरुले गर्ने व्यवहार समान छ । गाउँका सानातिना कामहरुमा नेतृत्व गर्ने मौका समेत पाएको छु । काम गर्दै जाँदा अहिले म गा.वि.स. स्तरको स्वावलम्वन समुहको अध्यक्ष बनेर स्थानीय श्रोत र साधन परिचालन गर्ने समेत जिम्मेवारी पाएको छु । यसका साथै म गरिबी निवारण समुहको सचिव र गाउँ परिषदको सदस्य भई काम गरिरहेको छु । ◆

# परिवर्तनकी वाहक सविना

पुर्वी नेपालको अत्यन्तै रमणीय जिल्ला ईलाम । जहाँ सुन्दरताको वयान गरेरै साध्य छैन । हो यहि ठाउँको कन्याम गाविस वडा नं ८ मा सविना राईको वि.सं. २०५२ सालमा जन्म भएको थियो । उनको परिवारको आर्थिक अवस्था सामान्य थियो । ७ जनाको परिवार चलाउन उनको बुबा आमालाई त्यति सजिलो थिएन । त्यस माथि सविना जन्मदै अपाङ्गता भएर जन्मेको कारण परिवारलाई औषधी उपचार गर्न र उनको हेरविचार गर्न पनि त्यति सजिलो थिएन ।

सविना भन्छिन् सुन्दर र मनमोहक ठाउँमा जन्म भए पनि म भित्र एक प्रकारको छुट्टै पिडा र दर्द थियो । हिड्न अरुको सहारा चाहिन्थ्यो । अरुकै सहारामा जीवन वित्ने भो जस्तो लाग्थ्यो । उनी विगतलाई यसरी सम्झिन्छिन् ।

उनी थप्छिन्, १२ वर्ष जतिको हुदा म अलि अलि हिड्न सक्ने भएँ । त्यसका लागि लौरोको सहारा लिनै पर्दथ्यो । घर नजिकैको विद्यालयमा पढ्न जान्थे । साथीहरुले के भएर यस्तो भयो प्रश्न गर्थे, विचरा तिम्रो त भन्थे । यस्तो कुराले मलाई सधै सताइरहन्थ्यो । उत्तर पनि कतिलाई दिनु । के भन्नु । कतिले त अपशब्द बोल्थे, के गर्नु, सुन्ने मात्र काम हुन्थ्यो । मैले केही गर्न सक्ने स्थिति पनि थिएन ।

घरमा बुबा आमालाई मेरै चिन्ता थियो । तिमीले कसरी गरिखान्छौ होला भनेर आमाले भन्नु हुन्थ्यो । आमाको कुराले कहिले काहीं मलाई पनि केही गर्न पनि सक्दिन की जस्तो पनि लाग्थ्यो । कहिलेकाहीं हामी आमा छोरी अँगालो मारेर रुन्थ्यौं । आखाँबाट आसुका धारा बग्थे । आसुको मुल्य हामीलाई सायद थाहा थिएन होला । हामी मुल्य नै नबुझी

आसुका धारा बगाइरहेका थियौं । मेरो बुबाले धेरै उदाहरण दिनु हुन्थ्यो, प्रेरणा दिनु हुन्थ्यो । बुबाको कुरा सुनेर मलाई पनि केही गर्न सकिन्छ की जस्तो लाग्थ्यो ।

जसो तसो दुःख गर्दै पढाइलाई निरन्तरता दिइनै रहेको थिएँ । मेहनतका साथ पढें । एस एल सी उत्तीर्ण गरे । यसपछि मैले पनि केही गर्न सक्छु भन्ने लाग्यो । यसबेलासम्म मलाई अपाङ्गताको वारेमा  केही थाहा थिएन । अपाङ्गता अधिकार बुझेको थिईन । जब म एस एल सी पास गरेर कन्याम स्थित श्री कृष्ण आश्रम उमाविमा भर्ना भएँ, त्यसबेला गाउँमा अपाङ्गता अधिकारको लागि स्वावलम्वन समुह गठन भयो । त्यसमा म पनि सदस्य भएँ । यसपछि मात्र मैले आफू कस्तो प्रकारको अपाङ्गता भएको व्यक्ति हुँ भन्ने कुरा बुझें । नेतृत्व विकास तालिम मार्फत आफ्नो अधिकार बुझ्ने मौका पाएँ ।

समुहको सक्रियतामा फिजियोथेरापी तथा सहायक सामग्रीको मद्दत्तले अरु जस्तै विना लौरौ हिड्न सकें । यसले मेरो जीवनमा खुसियाली छायो । मैले पनि अब अपाङ्गताको अधिकारको लागि केही गर्नु पर्छ भन्ने लाग्यो । गाउँ गाउँमा धेरै अपाङ्गता भएका व्यक्तिहरु छन् । उनीहरु त्यतिकै नबुझेर बसेका छन् । तिनीहरुलाई सानो सहयोग गर्न सकेमा उनीहरुको जीवन पनि मेरै जस्तो सुन्दर हुने थियो भन्ने लाग्यो ।

मैले आफ्नो ठाउँलाई पकेट क्षेत्र बनाई सबै अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता के हो ? अपाङ्गता अधिकार के हो ? राज्यले दिने सुविधा के के हो ? यी विषयमा गाउँ गाउँमा गएर प्रशिक्षण दिन थालें । मेरो काम देखेर समाजले सम्मान गर्न थाल्यो । म मात्र हैन, म जस्ता अपाङ्गता भएका व्यक्ति सबैले मेरै जस्तो सम्मान पाउन थाले । त्यतिवेला देखि नै स्थानीय गाउँ विकास समितिबाट अपाङ्गता अधिकारको लागि बजेट छुट्याउन सुरु भइसकेको छ । परिचय पत्र लिनेको संख्या पनि बढेको छ । मलाई खुसी लागेको छ । मैले आफूले सकेको मात्र गरेको हो । मलाई स्ववलम्बन समुहले सिकाएको सीपलाई व्यवहारमा उतार्न खोजेको हुँ । म यसरी नै निरन्तर रुपमा लागि रहने छु । मेरो काममा परिवारको पनि सहयोग पाइरहेको छु । उनी बढो हिम्मतका साथ यस कार्यलाई आफू बाचुन्जेल गर्ने बचन पनि गर्छिन् ।

अहिले अपाङ्गता कोटाबाट छात्रवृत्ति पाएर उच्च शिक्षा हासिल गरिरहेकी सविना साच्चैनै अपाङ्गता भएका व्यक्तिको परिवर्तनको वाहक बनेकी छिन् । उनलाई हाम्रो पनि शुभकामना छ । ◆

# घरै छोड्ने निर्णय फिर्ता

आफ्नो अनुहार ऐनामा हेर्छु । लाग्छ म पनि अरु जस्तै त छु । तर किन मलाई सबैले हेला गर्छन ? समाजले त हेला गर्यो तर आफ्नै घरबाट पनि किन अपमान भएको होला ? मलाई किन मान्छेले बुझ्दैनन् ? के ममा अपाङ्गता हुनु मेरै दोष हो र ? म जस्तो अपाङ्गता भएको व्यक्तिको समाजमा अरु सरह बाच्ने अधिकार छैन ? म मा यस्तै प्रकारका प्रश्नले डेरा जमाएको थियो । कहिले काही त यस्तो समाजमा बस्नु भन्दा मर्नु नै वेस जस्तो लाग्थ्यो । तर एकबारको जुनी हो, फेरि अर्को जन्म त पाईदैन नै किन मर्नु जस्तो पनि लाग्थ्यो ।

मेरो कुरा सुनिदिने, कुरा बुझिदिने कोही नै थिएनन् । यस्तो भएपछि, अन्ततः टाढा कसैले नदेख्ने ठाउँमा गएर बस्ने सोच पलायो । यस्तो ठाउँमा कहिले नफर्कने निर्णय पनि गरें । यस्तो निर्णय गर्ने कैलाली जिल्लाको मसुरिया गाविस वडा नं. ३ मा बस्ने रुपा जोशीको यो भनाई हो । वि सं २०४६ सालमा परिवारको माइली छोरीको रुपमा जन्मिएकी रुपा जन्मजात शारिरीक अपाङ्गता भएकी व्यक्ति हुन् ।

उनी थप्छिन् मैले मेरो नजिकको एक जना साथीलाई मेरो निर्णय सुनाए । उनले त्यो कुरा गाउँमा भर्खरै खुलेको अपाङ्गता स्वाबलम्वन समुहको १ जना पदाधिकारीलाई सुनाइछिन् । यस पछि समुहका छलफल भएछ । पछि समुहबाट मलाई भेट्नको लागि खवर आयो । शुरुमा मलाई जान मन लागेन । तर त्यही पनि के भन्छन् सुनौन त भनि म त्यहाँ पुगें । समुहमा म जस्तै अरु साथीहरु पनि हुनुहुन्थ्यो । मेरो समस्याको वारेमा सोध्नु भयो । मैले पनि आफूले भोगेको सबै कुरा सुनाए । उहाँहरुले भन्नु भयो, अब तिमी एक्लै छैनौ, तिम्रो साथमा हामी पनि छौ । यो कुराले मलाई हिम्मत बढायो । म पनि केही गर्न सक्छु भन्ने लाग्यो । यसैबीच मलाई पनि समुहमा सदस्य हुनको लागि अनुरोध आयो र म पनि समुहको सदस्य भएँ । यसपछि समुहले सञ्चालन गरेका

हरेक क्रियाकलापमा सहभागी हुन थालें । अपाङ्गताको अधिकारको वारेमा बुझ्दै गएँ । विस्तारै घर छोड्ने कुरा विर्सदै गएँ । यही ठाउँमा केही कुरा गरेर देखाउनु पर्छ भन्ने लाग्यो ।

समुहले मलाई क्षमता विकास, अधिकार सम्बन्धीको नेतृत्व विकास तालिममा सहभागी गर्ने मौका दियो । त्यसबाट झन् आत्मवल बढ्दै गयो । स्थानीय निकायबाट पाउने अधिकारको कुरा बुझें । समाजमा आफ्नो स्थान पनि अपाङ्गता नभएको व्यक्तिभन्दा कम होइन भन्ने बुझें । यी सबै कुरा बुझेपछि फेरि समाजलाई एकपटक निहालेर हेरें । म पनि अरुभन्दा के कम भन्ने लाग्यो । अब यही ठाउँमा केही गरेर देखाउने अटोठ गरें ।

मैले सिकेको सीपलाई प्रयोग गर्दै शुरुमा मैले कुखुरापालन व्यवसाय गरे । यसले मलाई मासिक ५ हजारभन्दा बढी फाईदा दिन थाल्यो । यसबाट मलाई काम गर्ने झन् हौसला बढ्यो । मैले कुखुरा थप्दै गएँ । विस्तारै आम्दानी पनि बढ्दै गयो । आफैं कमाउने भएपछि घरका सदस्यले पनि राम्रो व्यवहार गर्न थाले । त्यतिमात्र हैन समाजका व्यक्ति जो पहिला घृणाले हेर्थे उनीहरुले पनि सम्मान गर्न थाले ।

मेरो कामको सक्रियताको कारण १ वर्षभित्रै समुहको संयोजक भए । मेरो जिम्मेवारी बढ्न थाल्यो । समुहको काम र व्यवसाय विस्तारै सँगै लान थालें । मेरो व्यवसायलाई घरबाट पनि सहयोग हुन थाल्यो । अब अझै केही गर्ने मन जाग्न थाल्यो । गाउँकै सहकारीमा सचिब पदका लागि अनुरोध आयो । सुरुमा त कसरी सम्हाल्ने होला भन्ने लागेको थियो । तर विस्तारै सहकारीको कामलाई साथीहरुको सहयोगमा सम्पन्न गर्दै गएँ । यसले पनि केही सक्ने र हिम्मतिली रहिछे भन्ने पहिचान बनाउँदै गयो । यसका साथै आफ्नो पढाइलाई पनि निरन्तरता दिने विचार गरें । फलस्वरुप कैलाली बहुमुखी क्यापसमा स्नातकोत्तर तहमा भर्ना भएँ र पढाइलाई निरन्तरता दिंदैछु ।

मलाई लाग्छ यदि त्यो दिन स्वावलम्वन समुह नभेटिएको भए मेरो जीवन कस्तो हुन्थ्यो होला ? त्यो दिन सम्झन पनि मन लाग्दैन । जेहोस राष्ट्रिय अपाङ्ग महासंघ, जिल्ला च्याप्टरको यो सहयोग विर्सन सक्दिन । आज जे छु, जहाँ छु ठीक छु र समाजले म प्रति गर्ने व्यवहारमा भएको सकारात्मक परिवर्तनको सबै श्रेय उहाँहरुलाई जान्छ । आगामी दिनमा देशभरि छरिएर रहेका अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको लागि सदैब लड्ने छु । निकै खुसी हुदै आफ्नो कुरा सुनाइन् रुपाले । ◆

# महासंघले नै ल्याइदियो पुनारामको पुनरागमन

पोहरसाल खुसी फाट्यो जतन गरी मनले जोडें । त्यहि साल माया फाट्यो त्यसलाई पनि मनले जोडें, यसपाली त मन नै फाट्यो के ले सिउने के ले जोड्ने हो । यो गीतको जस्तै पिडा बन्यो पुनाराम बेल्वासेलाई । उनी आजभन्दा २८ वर्ष अगाडि कपिलबस्तु जिल्लाको भलवाडमा जन्मेका हुन् । उनको घरमा आमा बुबा



सहित ८ जनाको परिवार छ ।

परिवारको जेठो सन्तान हुन् उनी । जसले गर्दा सानै उमेरबाट नै घरको आयआर्जनमा सहयोग गर्नु पर्दथ्यो । बढो दुःखका साथ परिवारको जीविका चलिरहेको थियो । यही वेला बुबा एक्कासी विरामी पर्नु भयो । घरमा पैसा थिएन । गाउँमा गरिबलाई पैसा पत्याउने कुरा नी भएन किनकी तिर्नको लागि कुनै आम्दानीको श्रोत थिएन । जसो तसो चन्दा उठाएर भए पनि बुबाको उपचार भयो । बुबालाई राम्रो भयो ।

त्यस पछि फेरि नयाँ भविष्य सोच्दै गरेका पुनारामलाई एक्कासी अर्को झट्का लाग्यो । जुन झट्का बाचुन्जेल रहन गयो । उनलाई २०६५ सालमा काम गर्ने शिलसिलामा उनलाई करेन्ट लाग्यो । हतार हतार गर्दै उनलाई अस्पताल पुर्याइयो । तर के गर्ने विधिको विडम्बना उनको दुबै हात काट्नु पर्यो ।

उनी विगतलाई सम्झन्छन् । जब दुवै हात गुम्यो । मलाई संसार नै अध्यारो लाग्न थाल्यो । हात नभएको मान्छेले के गर्न सक्छ भन्ने लाग्यो । कति रात रुदै बसें । सम्झाइदिने कोही भएनन् । बाच्नुभन्दा मर्नु नै बेस लाग्यो । तर जीवनसँग हार खानु हुदैन भन्ने सोच पनि एकातिर आयो । संघर्षको बाटो रोजें । तर कहाँबाट कसरी संघर्ष गर्ने बाटो खोज्दैथिएँ । यसैवीच, मैले अपाङ्गता भएका व्यक्तिहरुको हितको काम गर्ने संस्थामा पुगे । त्यहाँबाट म गाविसमा रहेको अपाङ्गता भएको व्यक्तिहरुको समुहको सम्पर्कमा पुगे । मैले आफूले पाएको दुःख र अपहेलनाको वारेमा सुनाए । मैले भनें, म गाउँको विद्यालयको परिचर हुँ । अपाङ्गता भए पछि यसले केही गर्न सक्दैन भन्ने कुरा शिक्षकहरुको बीचमा छलफल हुन थालेछ । मलाई विद्यालयवाट निकाल्ने योजना बनेको रहेछ । जुन कुरा मैले थाहा पाएँ । म जागिरबाट निकालिए भने कसरी परिवार पाल्ने भन्ने कुराले मानसिक चिन्ता बढिरहेको थियो । आफूले भोगेको सबै कुरा समुहमा सुनाएँ । पछि समुह मार्फत त्यो कुरा महासंघको जिल्ला च्याप्टरमा पुग्यो । महासंघका प्रतिनिधि र प्रधानाध्यापकबीच कुराकानी भएछ । मेरो जागिर बचाउन अनुरोध गरिदिनु भयो । महासंघको अनुरोधलाई स्वीकार्दै मलाई काममा निरन्तर लाग्नको लागि सहयोग पुग्यो । यदि जिल्ला च्याप्टरले पहल नगरिदिएको भए मेरो जागिर नै जाने थियो ।

मैले निकै मेहनत गरी काम गर्दै थिएँ । एक वर्ष पछि मैले काम गरिरहेको विद्यालयमा एउटा शिक्षकको दरवन्दी खाली हुन पुग्यो । मेरो योग्यता पनि थियो । मैले शिक्षा शास्त्रमा प्रविणता प्रमाण पत्र तह पास गरेको थिएँ । मलाई शिक्षक भएर

काम गर्ने रहर थियो । तर के गर्ने अपाङ्ग भएका कारण मलाई राख्न मान्दैनन् होला भन्ने लाग्थ्यो । तर के हुन्छ एक पटक कुरा त गरौं भन्ने लाग्यो । त्यसपछि मैले आफ्नो कुरा समुहमा भनें । त्यसका लागि समुहले पहल गर्ने बचन पाएँ । यसका लागि महासंघका प्रतिनिधिहरुले पनि धेरै पहल गर्नु भयो । अन्ततः सफल भइयो र गाउँ कै विद्यालयमा शिक्षक भएँ ।

मेरो विद्यालयमा काम गर्ने शैली फेरियो । अब म घण्टी बजाउने हैन बालबालिकालाई पढाउन कक्षा कोठामा जान थालें । म धेरै खुसी थिएँ । केही समय पछि मलाई यसले लेख्न पनि सक्दैन भनेर निकाल्ने प्रयास पनि भयो । त्यो समयमा पनि महासंघले खबरदारी गर्यो । मैले निरन्तर रुपमा काम गर्ने अबसर पाएँ । वि.सं.२०७० सालको शिक्षक सेवा आयोगवाट स्थायी शिक्षकको लागि सिफारिस गर्यो । तर मैले काम गरिरहेको स्थानमा अर्को शिक्षक ल्याउनको लागि विद्यालयले माग गरेछ । यसले फेरि तनाव थप्यो । घरबाट टाढा गएर बस्नु पर्ने भयो । परिवारबाट अलग हुनु पर्ने भो भन्ने लाग्यो । मलाई तनाव भएको कुरा सबै समुहमा सुनाएँ । त्यसपछि महासंघको पहलमा जिल्ला शिक्षा कार्यालयमा विभिन्न चरणमा बैठकहरु भए र अन्तमा त्यही विद्यालयमा काम गर्नका लागि जिल्ला शिक्षाबाट नियुक्ति पाए । मलाई महासंघले हरेक समस्याहरुमा सहयोग गर्दै गयो । मेरो लागि निरन्तर प्रयास गर्यो । अहिले म त्यही विद्यालयमा शिक्षक भएर काम गरिरहेको छु । म धेरै खुसी छु । परिवार र गाउँका बालबालिकालाई शिक्षा दिने काम गरिरहेको छु ।

यदि महासंघले यति धेरै पहल र सहयोग नगरिदिएको भए मेरो नोकरी रहने थिएन । मैले मागेर जीवनयापन गर्नु पर्ने थियो । हाल म विद्यालयमा पढाएर वार्षिक २ लाख आम्दानी गर्छु । आफ्नो परिवार राम्रोसँग चलाएकोछु । अरु शारीरिक अवस्था ठीक भएर पनि केही नगरेको र आफूमा अपाङ्गता भएर पनि समाजका बालबालिकालाई शिक्षा दिन पाएकोमा गर्व लागिरहेको छ । ◆



# चौतर्फी पहुँच बढाउदै स्वावलम्वन समुह

पूर्वको १ नम्बर प्रदेशमा झापा जिल्ला पर्छ । झापा जिल्ला शैक्षिक, आर्थिक तथा राजनितिक हिसाबले नेपालकै सुगम मानिन्छ । यद्यपी यहाँको अपाङ्गता भएको व्यक्तिको अवस्था भने नाजुक नै थियो । राज्यबाट प्रदान गरिने सेवा सुविधा पनि पाउदैनन् थिए । यसको बारेमा चेतनाको पनि अभाव थियो ।

वि.स. २०६६ सालमा राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल जिल्ला च्याप्टर झापाको स्थापना भइसके पछि जिल्ला कै कमल गाउपालिका ( साविक लखनपुर गा.बि.स) वि.स. २०७१ सालमा गा वि स स्तरीय अपाङ्गता स्वावलम्वन समुह गठन भयो ।



जसका कारण यस ठाउँका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरु समावेश हुने मौका पाए । जिल्ला च्याप्टर झापाले समुहका प्रतिनिधिहरुलाई विभिन्न नेतृत्व तथा क्षमता विकास तालिम तथा अपाङ्गता भएका ब्यक्तिहरुलाई समुदायमा पुर्नस्थापन गराउनका लागि निरन्तर लागि पर्यो । जसका कारण ११ जना अपाङ्गता भएका ब्यक्तिहरुले पूर्नस्थापन हुने मौका पाए । दोश्रो चरणको परियोजना यस ठाउँमा भएका करिब १ सयजना अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो अधिकार बुझेको कुरा जिल्ला च्याप्टरका तत्कालिन अध्यक्ष श्री खगेन्द्र भट्टराई बताउनु हुन्छ । अधिकार बुझेपछि उनिहरुले राज्यका निकायमा गएर आफ्नो अधिकारको लागि बकालत गर्न थालेका छन् । सुरु सुरुमा राज्यका निकायहरुले आलटाल गर्थे । विस्तारै संगठित भएपछि भने उनीहरुको केही लागेन ।

सबैअपाङ्गता भएका ब्यक्तिहरुले परिचय पत्र सहज रुपमा पाउन थाले ।

अध्ययनका लागि छात्रवृत्तिको सिफारीस हुन थाल्यो । यसका साथै  सामाजिक सुरक्षा भत्ता पनि निरन्तर पाउन थाले । यस्ता कामले गर्दा यस ठाउँका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुमा एक प्रकारको हौसला बढ्न थाल्यो । संगठित भएको कारण अब कसैले पनि हेप्न नसक्ने भए । समाजमा अपाङ्गता भएका व्यक्तिहरुको प्रतिष्ठा बढ्दै जान थाल्यो ।

यसका साथै जिल्ला च्याप्टरले विभिन्न संघ संस्थाहरुसंग समन्वय गरी अपाङ्गता भएका ब्यक्तिहरुलाई आवश्यक सहयोग सामग्री उपलब्ध गराउने कार्य ( बैशाखी , ह्विचेयर, सेतो छडी, ट्राईसाईकल, लगायत ) भयो । यसले गर्दा अपाङ्गता भएका व्यक्तिहरुको दैनिकी सहज हुन थाल्यो र उनिहरुको आवागमनमा पनि वृद्दि हुन थाल्यो ।

जिल्ला च्याप्टरका अध्यक्ष थप्नु हुन्छ, सचेतनाले मात्र नपुग्ने भए पछि आर्थिक रुपमा पनि सशक्तिकरण गर्नका लागि क्रमैसँग सबैलाई हौसला र क्षमता बढाउदै गइयो । जसका लागि  सीप तथा क्षमता विकास तालिमहरु संचालन भए । जस्तै  अम्लिसो कुचो वनाउने तालिम, मखमलको जुत्ता र गुडिया वनाउने तालिम, कम्प्युटर तालिम, वाँसको मुढा वनाउने तालिम, सिलाई कटाई तालिम आदि । यो तालिम पाएपछि ५० प्रतिशतभन्दा  बढि अपाङ्गता भएको व्यक्तिहरुले आफ्नो व्यवसाय सुरु गरिरहेका छन् ।

अपाङ्गता अधिकार र विकासका लागि स्थानीय निकायमा समेत पहल बढ्दै गयो । जसको कारणले आ.ब. २०७३/७४ मा गाविसबाट अपाङ्गता अधिकारको लागि १ लाख ५० हजार बजेट विनियोजन भयो । त्यस्तै जिल्ला विकास समितिबाट समेत रु १ लाख प्राप्त भयो । यो सहयोगबाट अपाङ्गता भएको व्यक्तिको जीवनलाई थप सहज बनाउन सहयोग पुगिरहेको छ ।

७ जनाको समुहबाट शुरु गरिएको स्वावलम्वन समुहमा शुरुको दिनमा कसैको विश्वास पनि थिएन । यो समुहले के गर्न सक्छ र जस्तो सबैले गर्दथे । विस्तारै सबै अपाङ्गता भएका व्यक्तिहरु एकै ठाउँमा भेला भएपछि क्रमैसँग वकालत गर्न सकियो । हामी अहिले गाउँमा मात्रै सिमित छैनौं । जिल्लामा आइपरेका समस्याका लागि पनि एक जुट हुन्छौं । अन्यायका विरुद्धमा सामुहिक रुपमा लड्छौं । स्वावलम्वन समुहका अध्यक्ष श्री टंक बराल बताउनु हुन्छ । ◆

# सुन्दर भविष्यको यात्रामा पासाङ्गचोमु




आजभन्दा २५ वर्ष अगाडि ताप्लेजुङ्ग जिल्लाको सामान्य परिवारमा पासाङ्गचोमु शेर्पाको जन्म भएको हो । उनको परिवारमा आमा बुवा सहित ३ बहिनी र १ भाइ छन् । उनी परिवारको जेठी छोरी हुन् ।

घरको आर्थिक अवस्था अत्यन्त दयनिय थियो । आफ्नो वारीमा फलेको अन्नले वर्ष धान्न पुग्दैन थियो । गरिब भए पछि ऋण पनि कसैले दिदैनथ्यो । कसरी परिवार चलाउने उनको बुबाको ठूलो चिन्ता थियो । छोराछोरीलाई खुवाउनै पर्यो । बुबाले सबै कुरा नभने पनि त्यो समस्या उनले नजिकबाट महसुस गरिरहेको थिईन् ।

बुबाको दुःखलाई कसरी सहयोग गर्ने ? उनको मनमा खेलिरहेको थियो । अन्नत उनले आर्थिक अवस्था सुदृढ गर्ने आशामा वि स. २०५९ मा द्धन्द्धकालको समयमा जनयुद्धमा होमिईन् । भूमिगत भएपछि घरको आर्थिक अवस्था र देशको मुक्तिको लागि अगाडि बढि नै रहिन् ।

मुक्तिका लागि लड्दा कयौ ठक्कर खादैं अगाडि बढ्ने क्रममा २०६१ सालमा सेनासँगको दोहोरो भिडन्तमा बम पड्किदा उनी बमको धमाकामा परिन् । जसको कारण उनको शरीरको तल्लो भाग नचल्ने भयो । उपाचार गरिन् । तर विसेक भएन । अन्तत: उनी शारीरिक अपाङ्गता भएको व्यक्ति बनिन् ।

यसरी उनको जीवनले अर्को मोड लियो, सोच्दै नसोचेको कुरा भएपछि उनको जीवन झनै कष्टकर बन्दै गयो । आर्थिक हिसावले मात्रै होइन अब मानसिक हिसावले पनि तनाव बढ्दै गयो । के गर्ने, कसो गर्ने ? अगाडिको बाटो बुझ्नै सकिनन् । ५ बर्ष भुमिगत जीवनले उनलाई जीवन जीउने तरिका त सिकायो तर आर्थिक अवस्था भने जस्ताको त्यस्तै नै भयो ।

उनले ताप्लेजुङ्ग छोडिन्, सामान्य जीवन जिउँदै झापा जिल्लाको दमक नगरपालिकामा बस्न थालिन् । यसै समयमा २०७१ सालमा उनी राष्ट्रिय अपाङ्ग महासंघले गठन गरेको सृजनसील अपाङ्गता महिला समुहको सम्पर्कमा पुगिन् । समुहमा सदस्य भएपछि उनलाई सीपमुलक तथा आयआर्जन कार्यक्रम अन्तरगत ३ महिने "गुडिया तथा कुसन " बनाउने तालिम लिने मौका मिल्यो । यसले सीप मात्रै होइन जीवन जिउने कलापनि सिकायो ।

उनी भन्छिन्, यसले मेरो दिमाग नै परिवर्तन गरिदियो । मैले सोचें अब यसैको माध्यमबाट केही काम गर्छु । फलस्वरुप सजावटका सामान बनाउदै विक्री गर्न थालें । यसको लागि मैले महिला समुहबाट शुरुमा १० हजार र त्यसपछि ३० हजार ऋण लिएँ । जसको कारणले गर्दा मलाई व्यवसाय गर्न समस्या भएन । पसल पनि राम्रै चल्न थाल्यो ।

यसका साथै अन्य गाविसका समुहहरुमा उनी प्रशिक्षकको रुपमा काम पनि गर्दैछिन् । यी काम गरेवापत उनले मासिक १५ हजार आम्दानी गर्ने गरेकी छन् ।

यसका साथै उनी सामाजिक कार्यमा पनि उत्तिकै सक्रिय छिन् । वडा नागरिक मञ्चको सदस्य भए पछि गाउँको विकास योजना र कार्यान्वयनमा समेत सक्रिय छिन् । समाजमा हैसियत बढ्दै गएपछि द्धन्द्धकालमा छुटेको पढाइलाई समेत निरन्तरता दिदै छिन् । हाल उनीले हिमालय मा.बि. दमकबाट कक्षा १२ उतिर्ण गरेकी छिन् । अपाङ्गता भएपछि उनले देखेको अन्धकारमय भविष्यलाई मेहनत र राष्ट्रिय अपाङ्ग महासंघको सहयोगमा सुन्दर भविष्यको यात्रा गरिरहेकी छिन् । उनको आम्दानीले उनी आफ्नो पढाई र परिवारको सहयोग गरिरहेकी छिन् । उनको उज्वल भविष्यको लागि शुभकामना छ । ◆



# शिक्षाको ज्योति बाल्दैः विष्णुप्रसाद

विगतका दिन सम्झदै विष्णु भन्छन् । पढ्न त पढियो तर जागिर कहाँ खाने ? जागिर कसले दिन्छ ? निकै चिन्तामा थिएँ । जागिरका लागि धेरै भौतारिएँ । धेरै आश्वासन पाएँ । तर कसैले पनि जागिर दिएनन् । जिन्दगी देखि दिग्दार लागिरहेको थियो ।

३२ वर्षिय विष्णुप्रसाद उपाध्यायले आफ्नो विगतको व्यथा सुनाए । कपिलबस्तु जिल्लाको एथौसा गाउँमा सामान्य परिवारमा जन्मनु भएको विष्णुप्रसाद उपाध्याय । जसका दुवै आखाँ न्यून दृष्टिविहीन छ । यसको अर्थ राम्रो देख्न नसक्नु हो । आखाँ राम्रो नदेखे पनि स्नातकोत्तर सम्मको अध्ययन गर्नु भएको छ उहाँले । घरमा उहाँ सहित ८ जनाको परिवार छ ।

आखाँ राम्रोसँग देख्न नसक्ने भए पछि मलाई समाजले कुनै कुरामा विश्वास गरेन । हाम्रो अधिकारको कुरामा कसैको ध्यान गएन । हामी जस्ता व्यक्तिको जीवन हुनु भन्दा त नहुनु नै बेस लाग्दथ्यो । सोच्दा

पनि दिक्क लागेर आउथ्यो । भौतारिदै हिडिरहेको थिएँ । यसैबेला गाउँमा अपाङ्गता भएको व्यक्तिहरुको समुह गठन भयो । राष्ट्रिय अपाङ्ग महासंघको सक्रियतामा जिल्लामा यस समुह मार्फत अपाङ्गता सम्बन्धी जनचेतना जगाउने कार्यक्रम भयो ।

समुहमा म पनि सदस्य भएँ । सदस्य भएपछि निरन्तर रुपमा बैठकमा भाग लिन जान्थे । अपाङ्गता भएको व्यक्तिको राज्यले दिने सेवा सुविधाका वारेमा जानकारी हुन्थ्यो । आफ्ना अधिकारका लागि हामी योजना बनाउने तथा वकालतका लागि सम्बन्धित निकायमा जाने गरिन्थो । आफ्ना समस्याहरु समुहमा छलफल हुन्थ्यो । समाधानका उपायहरु खोजिन्थ्यो । उनले भने । समुहका सबै जनाले तिमी त पढेका छौ जागिर खाउ भन्थे । तर भने जस्तो सजिलो थिएन । कसले दिन्थ्यो मलाई सजिलै जागिर ? उनी घन चक्करमा थिए ।

एउटा नजिकैको विद्यालयमा शिक्षक आवश्यकता भएको जानकारी आयो । मलाई पनि कताकता भाग्यले साथ दिन लागेको हो की जस्तो लाग्यो । जुन कुरा मैले, तत्काले महासंघका जिल्ला अध्यक्षलाई जानकारी गराएँ । अध्यक्षबाट पहल गरिदिने आश्वासन पाएँ । जसको कारण म धेरै खुसी भएँ । त्यहाँबाट पनि राम्रै पहल भएछ । अन्ततः सफल भइयो । शुरुमा म अस्थायी शिक्षकको रुपमा निम्न माध्यमिक तहमा काम शुरु गरें । केही समयपछि शिक्षक सेवा आयोगबाट स्थायी सिफारिस भई महासंघकै पहलमा घर पायक विद्यालयमा अध्यापन सुरु गरें ।

यदि महासंघले पहल नगरिदिएको भए मेरो नोकरी घर पायक हुने थिएन । मलाई वाहिर गएर काम गर्न निकै समस्या हुन्थ्यो । मलाई आत्मनिर्भर भई स्वावलम्वी जीवन जिउनको लागि सहयोग गरिदिने महासंघको जिल्ला च्याप्टर मेरो भगवान सरह नै बनिदियो । अहिले मैले मासिक रुपमा १८ हजार ७ सय ३० रुपैया तलब थाप्छु । यसले मेरो परिवारको जीविका चलाउन मनग्य पुगेको छ ।

उनी थप्छन् , यसले मेरो जीवनमा ठूलै परिवर्तन भएको छ । त्यति मात्र होइन अहिले म नव गठित बाणगंगा नगरपालिकाको नगर स्तरीय अपाङ्गता समन्वय समितिको अध्यक्षको जिम्मेवारी पनि वहन गरिरहेको छु । कामबाट बाँकी रहेको समय अपाङ्गता भएका व्यक्तिहरुको अधिकारका पक्षमा वकालत गर्दै हिड्ने गरिरहेको छु । उनी भन्छन्, सबै गाविसहरुमा अपाङ्गता भएका व्यक्तिहरुको लागि स्वावलम्वन समुहहरु गठन गरी अपाङ्गता भएका व्यक्तिहरुको क्षमता अभिवृद्धि गर्ने काम गरिदिए समग्र अपाङ्गता भएको व्यक्तिको जीवन सहज हुने थियो । ◆

# बलरामको बल



म भारतको दिल्लीमा एउटा कम्पनीमा काम गर्दै थिएँ । काम गर्ने क्रममा २०६२ सालमा मेरो दाँया हातको हत्केलाको भाग मेशिनमा परी काट्यो । जसको पिडाले म असाध्यै छट्पटिएँ । यसपछि मलाई हिनताबोध भयो । अर्काको देशमा बस्नुभन्दा आफ्नै ठाउँमा गई केही काम गरौं भन्ने लाग्यो । त्यही भएर म घर फर्के । मलाई भेट्न र मेरो हालचाल सोध्न गाउँका साथीहरु मेरो घर आउँथे । तर मलाई भने उनीहरुसँग भेट गर्न मन लाग्दैनथ्यो । मलाई मेरो जीवन नै वर्वाद भयो, अब म केही गर्न सक्दिन भन्ने लाग्दथ्यो । मेरो हात काटिएपछि मलाई संसार नै अन्धकार भए जस्तो लाग्थ्यो । जीवन कसरी चलाउने ? के गर्ने होला ? मेरो चिन्ताको कुनै सिमाना नै थिएन ।

यो चिन्ता अरु कसैको नभई बलराम खरालको थियो । उनी ४४ वर्ष अगाडि कपिलबस्तुको वाणगँगामा ठाउँमा जन्मेकाथिए । उनले नेपालमै हुदा एस एल सी सम्मको अध्ययन गरेका थिए । उनी ४ जनाको आफ्नो परिवारको भविष्यलाई उज्वल बनाउने चाहनामा मुग्लान छिरे । तर त्यहि चाहनाले उनको हात नै गुम्यो । यो दिनको पिडा उनले चाहेर पनि विर्सन सक्दैनन् । आफ्नो देश नछोडेको भए त्यस्तो हुदैनथ्यो की । उनि पछुताउँछन् ।

समय वित्दै गयो । केही गर्न सकिएको थिएन । यसै बीच वि.सं. २०६६ सालमा हाम्रो गाविसमा अपाङ्गता भएका व्यक्तिहरुको समुह बनाउने कुरा

छलफल भएछ । राष्ट्रिय अपाङ्ग महासंघ जिल्ला च्याप्टरका केही अपाङ्गता भएका साथीहरु मलाई भेट्न आउनु भयो । सुरुमा म समुहमा जान मानिन । साथीहरुले धेरै सम्झाउनु भयो । अप्ठ्यारो मानी मानी हुन्छ भनिदिएँ । त्यसपछि म अपाङ्गता भएका व्यक्तिहरुको भेलामा निरन्तर रुपमा उपस्थित हुन थालें । उनले भने ।

त्यो भेलामा अपाङ्गता भएका व्यक्तिहरुका अधिकार तथा अपाङ्गता भएका व्यक्तिहरुले भोग्नु परेका समस्याहरुका वारेमा छलफल भयो । मलाई पनि समुहको सदस्य बन्न आग्रह गरियो । मैले पनि स्वीकारें । शुरुमा म एक्लै हो की जस्तो लाग्थ्यो । पछि थाहा भयो हामीहरु धेरै रहेछौं जसले उस्तै खालका समस्याहरु भोगिरहेका थियौं । अब हामी सबै मिल्नु पर्छ भन्ने लाग्यो । यसले मलाई केही गर्नुपर्छ भन्ने बल प्राप्त भयो ।

परियोजना दोश्रो चरणमा प्रवेश गरिसकेको थियो । अब त केही गर्नैपर्छ भन्ने छलफल चलिरहेको थियो । यसै समयमा महासंघको जिल्ला च्याप्टरले प्रस्ताव पत्र तयार गरिदियो । त्यसलाई हामी सबै मिलेर गाविसमा पेश गरियो । शुरुमा गाविसले हाम्रो प्रस्तावलाई वास्ता नै गरेन । तर मैले निरन्तर बल गरें । अन्ततः गाविसले केही रकम अपाङ्गता भएका व्यक्तिहरुका लागि विनियोजन गर्यो । शुरुमा २५ हजार १ सय बजेट विनियोजन गरिएको थियो । त्यो रकमबाट अपाङ्गता सम्वन्धी जनचेतनामुलक काम गर्ने मौका मिल्यो । क्रमशः हामीहरु समुहमा बैठक गर्ने, छलफल गर्ने र जिल्ला च्याप्टरसँग समन्वय गर्न थालियो ।

यसका साथै समुहलाई अझ बलियो बनाउन हामीले मासिक १ सय रुपैया समुहमा बचत गर्न थाल्यौं । २०७१ सालमा सामुदायिक अपाङ्गता बचत तथा ऋण सहकारीको शेयर सदस्य पनि बनें । पछि अपाङ्ग उत्थान समाजले सञ्चालन गरेको साना व्यवसाय तालिममा सहभागी हुने मौका पाएँ । त्यो तालिमबाट मैले केही व्यवसाय गर्नु पर्दछ भन्ने प्रेरणा मिल्यो । मैले शुरुमा सहकारीबाट रु १० हजार ऋण लिई किराना पसल सञ्चालन गरें । व्यवसाय राम्रै चल्यो । मासिक ३ हजार जति आम्दानी हुन थाल्यो । विस्तारै व्यवसायलाई बढाउँदै लगें । अहिले मलाई समाजका साथीहरुले राम्रो व्यवहार गर्दछन् । समाजमा हुने सामाजिक गतिविधिमा समेत सहभागी हुने मौकाहरु पाएको छु । अहिले मलाई म अपाङ्गता भएको व्यक्ति हुँ भन्ने जस्तो लाग्दैन । ममा आत्मबल बढेर आएको छ । ४ जनाको सानो परिवार खुशीका साथ बसेका छौ । निरन्तर रुपको बलले नै आज म सबैको प्रिय बलराम बन्न सकेको छु । उनीले प्रसन्न मुद्रामा सबैकुरा खोलेर भने । ◆

# खाना पकाउने भाडा भित्रको जिन्दगी

मनिष चौधरीको कैलाली जिल्लाको साडेपानी गाविसमा बि.सं. २०६४ सालमा जन्म भएको थियो । उनी जन्मजात बहु अपाङ्गता भएका व्यक्ति हुन् । उनको शरिरका कुनै पनि भाग चल्दैन थियो । अब केहि गर्न सकिदैन होला भनेर उनका परिवारले आशा मारिसकेको थियो । कहिले मर्छ अनि लगेर फालिदिने भनेर बाटो कुरेर बसेका थिए । आफूले खाना खाने समयमा सामान्य खाना खुवाइदिने गर्थे । तर राम्रोसँग खाए नखाएको कसैलाई वास्ता थिएन । बास्तवमा भन्नुपर्दा मनिषको हेरचाह गर्ने जागर कसैलाई पनि थिएन ।

लडेर मर्छकी त्यस्तो भयो भने पाप लाग्छ भनेर मनिषलाई भात पकाउने भाडोमा भित्र हालिदिने र आफूहरु काममा वाहिर निस्कन्थे । उसलाई कस्तो छ? के भइरहेको छ ? भोक लाग्यो की? विरामी भयोकी कसैलाई केही चासो वा चिन्ता थिएन ।

न त बोल्ने सक्थे । न त कराउन । उनलाई पशुसरह व्यवहार गरिएको थियो । वर्षौंदेखि नुहाएको थिएन उनको शरीरले । राम्रो लुगा लगाउन पाएको थिएनन् । उनी बालबालिकाले पाउने अधिकारबाट पूर्णरुपमा बञ्चित थिए ।

राष्ट्रिय अपाङ्ग महासंघको सहयोगमा गाउँमा वकालतको लागि स्वावलम्वन समुह गठन भएको थियो । यो समुहले अपाङ्गता भएको व्यक्तिहरुको अधिकारको लागि काम शुरु गरिसकेको थियो । यसै क्रममा मिति २०७१ माघ २५ गतेको दिन मतदाता शिक्षाको समीक्षा गर्नको सबै समुहका सदस्यहरुको बैठक

भेला भएको थियो ।

बैठकमा एक जना सदस्यले मनिष चौधरीको वारेमा सुनाए । यस्तो सुनेर सबैजना अचम्ममा परे । यसपछि उनको उद्धारको लागि एउटा योजना बन्यो । यसै अनुरुप संयोजक र एक जना सदस्य बालकको घरमा गए । उनको परिवारलाई भेटी सबैकुरा बुझे । संयोजकले बालकको अभिभावकलाई यसरी भाँडा भित्र राख्न नहुने, समयमा खाना खुवाउनु पर्ने तथा व्यक्तिगत सरसफाइ गर्नको लागि सुझाव दिए । राम्रोसँग सम्झाई बुझाई गरी समुहका संयोजक र सदस्य आफ्नो बाटो लागे । १ हप्तापछि त्यसको अनुगमनको लागि मनिषको घरमा दुबै जना पुगे । त्यहाँ पुग्दा मनिष पहिलेकै अवस्थामा देखिए । पुनः सम्झाउन खोज्दा परिवारका सदस्य उल्टै झगडा गर्न थाले । तर पटक पटक छलफल पछि परिवारका व्यक्तिहरु मनिषलाई ध्यान दिने कुरामा सहमत भए । अन्ततः मनिषको सफाई हुन थाल्यो । नियमित खान पाउन थाले । शरीरिक अंग नचले पनि उनी हेर्दा सफा र राम्रो देखिन थाले । सबैको मायालु देखिन थाले ।

यसपछि समुहले बालकको परिचयपत्र भए नभएको बुझ्न परिवार सँग छलफल गरे । शरीरको कुनै पनि अंग नचल्ने, खाना खान भोक लाग्यो सम्म पनि भन्न नसक्ने बालकलाई (ग) श्रेणीको पहेलो परिचय पत्र दिईएको रहेछ । यस्तो देखे पछि समुहले जिल्लामा गएर 'क' वर्गको परिचय पत्र निकाल्न सहयोग गरिदिए । यसपछि मनिषले मासिक १ हजार भत्ता पाउन थाले । यस्तो प्रयासले घरमा खुसी छायो । बालकको पोषणको लागि उसले नै पाएको मासिक सामाजिक सुरक्षा भत्ताले पुग्न थाल्यो । भात पकाउने भाडाको जिन्दगीबाट अब घर भित्र बस्ने तथा सफा सुग्घर भएर रमाउन थालेका छन् मनिष चौधरी । अधिकार पाउनु सबैको अधिकार पनि हो । ◆

# पुरा हुदै आशारामका आशाहरु

२०६५ सालको साउन महिना थियो । सिमसिम पानी पर्दै थियो । त्यसदिन आशाराम पनि नेपालगंजको यात्रामा थिए । बस चढेको १ घण्टा भएको थिएन उनी चढेको बस दुर्घटनामा पर्यो । दुर्घटनामा केहीले ज्यान समेत गुमाए । तर उनलाई भने भगवानले हात थापीदिए । उपचारले उनको ज्यान त जोगायो तर उनी हिडडुल गर्न नसक्ने भए । बास्तवमै उनी शारीरिक अपाङ्गता भएका व्यक्ति भए । आशारामले सोचे मेरो जीवनका सबै आशाहरुमा अब पूर्णविराम लाग्यो ।

आशाराम चौधरी, वि.सं. २०४४ सालमा कैलाली जिल्लाको दुर्गौली गाविसमा जन्मिएका हुन् । जन्मदा सवलाङ्ग भए पनि दुर्घटना पश्चात उनी शारीरिक अपाङ्गता भएका व्यक्ति बने । जसको कारण उनको जीवन पनि अन्योलग्रस्त भयो । के गरौं कसो गरौं भनेर उनलाई पूर्णरुपमा छटपटाहट भयो । जिन्दगी सबै अन्धकार देख्न थाले । आशाका ज्योती सबै निभे जस्तो भयो । अगाडिका जीवनका बाटाहरु उनलाई देखाइ दिएनन् ।

आशारामको परिवारको शैक्षिक र आर्थिक अवस्था नाजुक थियो । त्यस माथि अपाङ्गता भएपछि उनलाई झनै ठूलो चोट लाग्यो । यस्तै पिडा नै पिडाको वीचमा पनि उनले आफ्नो पढाईलाई भने निरन्तरता दिंदै गए । विभिन्न समस्याहरुसँग जुध्दै उच्च माध्यमिक तहसम्मको शिक्षा आर्जन गर्न उनि सफल भए ।

आशाराम सम्झन्छन्, अपाङ्गता भएकै कारणले आफू कुनै पनि सार्वजनिक समारोहमा सहभागी हुन नपाएको । त्यति मात्र कहाँ हो र आफ्नै परिवार तथा समाजबाट समेत अपहेलना सहनु परेको तितो यथार्थ उनले संगालेका छन् । आशाराम भन्छन्, आर्थिक अवस्था कमजोर थियो तर के गर्ने कसैले मुखमा ल्याएर माड हालिदिएन । त्यही भएर उनी अरुको खेत अधियामा कमाउन शुरु गरे, ज्यालामा काम गरे जसबाट जसो तसो सामान्य रुपमा आफ्नो र परिवारको जीवन चलाइरहेका थिए ।

आशाराम थप्छन्, के अपाङ्गता हुनु मेरो दोष हो ? अपाङ्गता भएका व्यक्ति भन्दा पनि नभएको व्यक्तिको सोच भित्र बढी अपाङ्गता देखिन्छ । कतिपय ठाउँमा जाँदा विचरा भन्ने तर कसैले पनि सहयोग

नगर्ने परिपाटी अझै पनि रहेको छ । तर मानिसको जीवन हो । जो जति खेर पनि अपाङ्ग हुन सक्छ, कसैको भविष्य पनि निश्चित छैन ।

अन्योले अन्योलको वीचमा आशारामको सानो आशा पालायो जब नेपालमा अपाङ्गता भएका ब्यक्तिहरु अधिकार सुनिश्चित गर्ने उद्देश्यले राष्ट्रिय अपाङ्ग महासंघ, नेपालले सामाजिक समावेशीकरण नामक कार्यक्रम शुरु गर्यो । त्यसै कार्यक्रम अन्तर्गत उनी दीगो स्वाबलम्वन समुहकामा अध्यक्ष बने । अध्यक्ष बनेपछि विभिन्न विषयमा तालिम प्राप्त गरे । यसपछि उनले अपाङ्गता अधिकारको लागि विभिन्न सचेतनामुलक कार्यक्रम गर्न थाले । यसका साथै स्थानीय स्तरमा अपाङ्गता अधिकार सम्बन्धी वकालत गर्न शुरु गरे, विभिन्न सरोकारवालालाई सहभागिता गराएर अपाङ्गता अधिकारको सम्बन्धमा सचेतना, नेतृत्व विकास, स्थानीय श्रोत परिचालन इत्यादि सम्बन्धी तालिमहरु संचालन गरे । जुन उनले जिल्ला च्याप्टरको कार्यक्रममा सहभागी भएर सिकेका थिए । यसका कारण अहिले यस ठाउँमा अपाङ्गतालाई हेर्ने दृष्टीकोण विस्तारै सकारात्मक रुपमा बदि्लन थालेको छ ।

निकै नै हेपिएका र अवसरबाट बञ्चित पारिएका आशारामलाई वकालत कै कारणले सक्षम बनायो । नि.मा.वि तह सम्म पढाइ हुने एक निजी बिद्यालयका प्रधानाध्यापकको जिम्मेवारी पाए उनले । अपाङ्गता भएका व्यक्तिले पनि केही गर्न सक्छन् भन्ने कुरा उनले प्रमाणित गरेका छन् । उनी थप्छन्, स्वावलम्वन समुहले मेरो जीवनमा नयाँ आयाम ल्यायो । जुन मैले कल्पना सम्म पनि गर्न सकेको थिइन । अहिले उनलाई आफ्नो परिवार धान्न कुनै चिन्ता छैन । सँगै अपाङ्गता भएको व्यक्तिको अधिकारको लागि पनि नियमित वकालत गर्दैछन् ।

उनी अहिले गाउँ विकास समितिबाट बजेट लिई अपाङ्गता भएको व्यक्तिको दैनिकीलाई सजिलो बनाउने काममा समेत सक्रिय छन् । समाजमा अन्य वर्गलाई समेत सचेतना गराउन स्थानीय स्तरमा एउटा क्लबमा अध्यक्ष समेत भएका छन् । आशारामलाई समाजका हरेक व्यक्तिले सम्मानजनक रुपमा हेर्न थालेका छन् । हाल उनी स्वावलम्बन समुहमा सकृय रुपमा काम गरिरहेका छन् । समुहले यस वर्ष गाउँ विकास समितिबाट प्राप्त १ लाख बजेट परिचालन गरिरहेको छ । जसवाट १५ जना अपाङ्गता भएका महिलाहरुको लागि सिलाई कटाई तालिम सञ्चालन गरिरहेका छन् । नियमित रुपमा सबै मिलेर अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको लागि लड्ने हो भने समाज परिवर्तन गर्न सकिने कुरामा उनी ढुक्क छन् । ◆

# कर्णबाट कर्णदाई

गाडी ढ्याक्क रोकियो । कर्ण दाई भन्ने आवाज आयो । एक जना व्यक्तिको सानो घरभित्रबाट हजुर भन्ने आवाज आयो । गाडिबाट उत्रेका व्यक्तिले कर्ण दाईलाई चुङ्गी करबापतको पैसा दिए । कर्ण दाईले वील दिए । यसपछि गाडी फेरि अगाडि बढ्यो । यस्तै दैनिकका साथ जीवन अघि बढिरहेको छ कर्णबहादुरको ।

कर्ण वहादुर सार्की आजभन्दा ४१ वर्ष अगाडि सुर्खेत जिल्लामा जन्मेका हुन् । उनी शारिरीक अपाङ्गता भएका व्यक्ति हुन् । सानै उमेरमा पोलियो रोगका कारण अपाङ्ग बनेका कर्णबहादुरको जीवन निकै दुःख र कष्ट साथ वितेको थियो ।

उनका बुबा जय वहादुर सार्कीको आफ्नो पुर्ख्यौली घर सल्यान हो । त्यहाँ बाट हातमुख जोर्न समस्या भए पछि २०२४ सालमा सुर्खेतमा वसाई आउनु भएको थियो । नदीको किनारामा नदीले छोडेको जग्गामा सामान्य रुपमा खेतिपाती गर्दै २ छोरा र ३ छोरी सहितको परिवार दुःखसाथ पालन पोषण गर्दै थिए उनी । दुःख भए पनि घर परिवार त खुसी नै थियो ।

एकास्सी जेठा छोरालाई (कर्ण वहादुर सार्की) पोलियो रोग लाग्यो । जसको कारणले उनको एउटा खुट्टा निष्क्रिय भयो । उपचार गर्न अस्पताल पनि धाइयो । तर भनेजस्तो उपचार हुन सकेन । आर्थिक रुपमा सम्पन्न भएको भए राम्रो ठाउँमा उपचार गराउन पाएको भए ठीक हुन्थ्यो की । आर्थिक अभावको कारणले गर्दा उ अपाङ्गताको जीवन जिउन वाध्य हुने भयो । उनका बुबा जयबहादुर भन्नु हुन्छ ।

कहाली लाग्दो गरिवी अनि समाजे भन्ठान्ने कथित अछुत जाति । त्यसैमा कर्ण वहादुरको शारीरिक अपाङ्गताले पुरै परिवार दुखित तथा विचलित थियो । यस्तो परिस्थितिमा जय वहादुरले छोराको भविष्य सोची पिठीउँमा वोकेर ३ कि.मी टाढा रहेको सिद्धेश्वर उच्च मा.वि. मा कक्षा ८ सम्म अध्ययन गराउनु भयो ।

जसका कारण उनी सामान्य पढ्न लेख्न सक्ने भए । यद्यपि उनलाई अपाङ्ग अधिकारको वारेमा जानकारी भने थिएन । उनीसँग अपाङ्गता परिचय पत्र पनि थिएन । राष्ट्रिय अपाङ्ग महासंघबाट सञ्चालित कार्यक्रमको स्थानीय स्वावलम्वन समुहमा आवद्ध भए पछि उनले अपाङ्गता परिचय पत्र पाए ।

यसको साथै समुहको सहयोगमा २०७० साल भाद्र ८ गते राष्ट्रिय अपाङ्ग महासँघ जिल्ला च्याप्टरद्वारा सञ्चालित अपाङ्गता भएका व्यक्तिहरुको नेतृत्व विकास तथा निर्वाचन प्रक्रियामा सहभागितात्मक विषयको कार्यक्रममा सहभागी हुने उनलाई मौका मिल्यो । जहाँ सहजकर्ताले अपाङ्गताको अधिकार र सहभागिताको सवालमा सचेतनामूलक विषयमा छलफल गराए । त्यसमा सामुदायिक वनका पदाधिकारी र स्थानीय उपभोक्ता समितिहरुको समेत सहभागिता रहेको थियो । वनका पदाधिकारीहरुले कार्यक्रममा अपाङ्गता भएको व्यक्तिहरुको लागि सहयोग गर्ने प्रतिवद्धता जनाएका थिए ।

कर्णबहादुरले यो कुरा सुनेपछि स्थानीय समुदायिक बनमा सहयोग पाउने आशामा पुगे । स्वावलम्वन समुहको पटक पटक छलफल र अनुरोध पछि उनलाई चुङ्गिकर संकलनमा संकलनकर्ताको रुपमा नियुक्त गरिदियो । जसका लागि मासिक रु ६ हजार तलबमान तोकियो । उनी धेरै खुसी भए । यस आम्दानीले आफ्नो परिवारमा सहयोग दैनिकीमा सहयोग पुग्यो।

स्वावलम्वन समुहले गरेको वकालत पछि उनले जागिर मात्रै पाएनन् । अहिले यस ठाउँमा अपाङ्गता भएको व्यक्तिलाई समाजले हेर्ने दृष्टिकोण पनि बद्लिएको छ । कुनै पनि नयाँ समुह गठन भएमा सकेसम्म अपाङ्गता भएका व्यक्तिलाई समेत सहभागिता गराउने चलन समाजमा बढेको छ । स्वालम्वन समुहले धेरैभन्दा धेरै काम गरेको छ । ती मध्येका एक उदाहरण हुन् कर्णबहादुर सार्की । आज तिनै व्यक्ति हिजोको कर्णेबाट आज सबैका कर्णदाई बन्न सकेका छन् । ◆



# हार नखाई जितेका - जितबहादुर

सान, मान, इज्जतमा वसेका जितबहादुर २०४६ सालको माघ महिनामा आइपुग्दा अन्ततः हारे । भर्खरका लालाबालालाई हुर्काउनु त छँदै थियो । अर्कोतिर परिवार पनि चलाउनु थियो । त्यसकारण घरमा वस्तुभाउ पालिएको थियो । तर रुखमा घास काट्न चढेका जितबहादुर एक्कासी भूईंमा बजारिए । उपचार गराउने ठाउँ तथा आर्थिक समस्याको कारणले गर्दा उनी शारीरिक अपाङ्गता भएका व्यक्ति बन्न पुगे ।

२०१५ सालमा सिन्धुपाल्चोक जिल्लाको इर्खु पोखरीमा जन्मेका जितबहादुर गिरी रुखबाट झरेसँगै उनको जीवन कठिन बन्न पुग्यो । बाँच्नुभन्दा मर्नु बेस भन्ने लाग्थ्यो उनिलाई । गरिवीको मारमा त उनि पहिले नै थिदै थिए त्यसमाथि अपाङ्गता थपिन पुग्यो । सँगै मर्ने र सँगै बाच्ने कसम खाएकी श्रीमति पनि विस्तारै टाढा हुन थालिन्, वास्ता समेत गर्न छाडिन् । मर्दा पर्दा काम लाग्ने दाजु भाइ पनि टाढा हुन थाले । समाजका व्यक्तिले धन्न मरेनछ भन्ने भन्दा अरु केही सहयोग गरेनन् । दुखाईको पिडा त सहन कोसिस गरिरहेको थिएँ । तर मानसिक तनाब भने विर्सन सक्ने

अवस्था थिएन । उनी भन्छन् । जीवन कसरी जिउने, अब के गर्ने मलाई केही थाहा थिएन । २ छोरा र २ छोरीको पालन पोषण कसरी गर्ने ? सोच्न समेत सकिन । सुखमा त सबैको साथ थियो । तर दुःखमा सबै टाढा भए । आफू काम गर्न नसकेपछि सबैको हेलामा परियो ।

उनी थप्छन्, जब मेरो ढाड एकाएक दुख्न थाल्यो । भाइले पठाइदिएको विजुलीको तेलले माड्न लगाए । त्यसले त निको गर्ने होइन झन् विगारेछ । धेरै दुखेपछि जिल्ला अस्पतालमा आए । तर उपचार हुन नसकेपछि अन्ततः मेरो ढाड बाङ्गियो । म पूर्णकालिन अपाङ्गता भएको व्यक्ति भए ।

विस्तारै सामान्य हिडडुल गर्न थालें । ई.स. २०१३ मा मेरो गाउँमा अपाङ्गता भएको व्यक्तिहरुको स्वावलम्वन समुह निर्माण भयो । यसबाट मैले अपाङ्गता अधिकारको वारेमा जानकारी पाएँ । स्थानीय श्रोतको उपलब्धता र श्रोत परिचालन विधिको कुरा सिके । त्यसपछि मेरो मनमा केही गर्न सकिन्छ भन्ने हिम्मत बढ्यो ।

समुहको सिफारिसमा मेडेम संस्थाले सञ्चालन गरेको ७ दिने लघु उघमी तालिममा सहभागी हुने मौका पाएँ । जहाँ पाउँ (लप्सी क्याण्डी) बनाउने सीप सिकें । क्रमशः ३ पटक गरेर २१ दिनको तालिम




पाए पछि मैले पाउँ बनाउन सुरु गरें । जसका लागि मेडेपले ५ हजार र घरेलुबाट १५ हजार ऋण लिएर सानो उघोग शुरु गरें । सुरुमा त यस्तो काम गरेर पनि हुन्छ भनेर परिवारबाट सहयोग नै पाइन तर विस्तारै बुझ्दै गएपछि सहयोग गर्न थाले । मेरो निरन्तर मेहनतको कारणले मेरो कामलाई सम्मान गर्दै दोलखा, दाङ, नुवाकोट, सिन्धुपाल्चोक जिविसबाट नगद पुरस्कार तथा सम्मान पत्र पाएँ ।

उनले मासिक १ सय किलोभन्दा बढी पाउँ उत्पादन गरी जिल्ला र जिल्लाबाहिर लगेर बेच्ने गरेका छन् । मासिक रुपमा १० हजार भन्दा बढि नाफा कमाउन थालेका छन् । अहिले उनको उघोगको ९ लाखभन्दा बढी मोल पर्छ । यसका साथै उनले यसैको आम्दानीबाट करिब २ लाख ३० हजारको जग्गा किनेका छन् । हालको मोलमा हेर्न हो भने उक्त जग्गाको १० लाख भन्दा माथि पर्छ । यसका साथै कान्छो छोरालाई ७ लाखभन्दा बढी खर्च गरेर इन्जिनियर बनाएका छन् । भर्खरै उनले भुकम्प प्रतिरोधात्मक घर समेत बनाइसकेका छन् ।

हिजो बढो हेला गर्ने दाजु भाइ आज सम्मान गर्छन् । केही काम गर्नु परेमा सोध्छन् । समाजमा गुमेको मान, सान र इज्जत सबै फर्केको अनुवभ गर्छन् जितबहादुर ।

उनी निकै खुसी छन् । महासंघको जिल्ला शाखाले मलाई सहयोग नगरेको भए यतिखेरसम्म म मरी सक्ने थिएँ होला । घरभित्रै सड्ने थिए होला । स्वावलम्वन समुहलाई पनि धन्यवाद दिन्छन् । यदि यस समुहमा म बस्न नपाएको भए जिल्लामा गएर आफ्नो अधिकारको कुरा पनि गर्न सक्ने थिईन होला । यो भनाईमा उनको निकै खुसीको मुस्कान देखिन्थ्यो । अहिले पनि स्वावलम्वन समुह सक्रिय बनाउन समेत उनको अहम भूमिका छ ।

महासंघका पूर्व अध्यक्ष अम्बरबहादुर घले भन्नुहुन्छ, जितबहादुर गिरी निकै फुर्तिलो हुनुहुन्छ । उहालाई हामीले सिकाए पछि तुरुन्त व्यवहारमा उतार्न सक्ने खुवी उहाँमा थियो । अपाङ्गता भएको व्यक्तिहरुको जिल्लाको सान नै भएका छन् जितबहादुर । महासंघले उहाँलाई आगामी दिनमा समेत आवश्यकता अनुसारको निरन्तर सहयोग गर्ने बचन दिनुहुन्छ । ◆



# स्थानीय तहको बजेट अपाङ्गताको विकासमा

सरकारले अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग गर्छ भन्ने कुरा जिल्ला भरी नै हल्ला थियो । त्यही भएर सदरमुकाम नजिकैका केही अपाङ्गता भएका व्यक्तिहरु बेला बेला अधिकार खोज्नका लागि जिल्लाका सरकारी कार्यालयमा जाने गर्दथे । तर उनीहरुको कुरा एउटा कानले सुन्ने र अर्को कानले उडाईदिने मात्र हुन्थ्यो । कसैले पनि उनिहरुको कुरालाई गम्भिरतापुर्वक लिने गरेका थिएनन् ।

जिल्लामा १० हजार भन्दा बढि अपाङ्गता भएका व्यक्तिहरु भए पनि उनिहरुको कुनै संगठन थिएन । रहेका डि पी ओहरु पनि छरपष्ट रुपमा रहेका थिए । संगठनको अभावले गर्दा अपाङ्गता भएको व्यक्तिको कुरा कसैले सुनेनन् । मुखले चिप्ला कुरा गर्थे । भैहाल्छ नी



गरिहाल्छौं नी भन्ने जस्ता कुरा गर्थे तर व्यवहार त्यस्तो देखिदैन थियो । जिल्लाका दुर दराजमा रहेका अपाङ्गता भएका व्यक्तिहरु घरमा बस्नु र अरुले दिएको खानु वाहेक केही थिएन । हारेको कर्म त हो भन्दै बस्ने वाहेक केही थिएन । दोस्रो दर्जाको व्यक्तिको रुपमा परिचित अपाङ्गता भएका व्यक्तिहरुको समाजमा कुनै हैसियत थिएन । अधिकारको कुरा त कहाँ हो कहाँ । पहुँचयुक्तताको कुरा त कहाँ हो कहाँ ।

इ.सं. २०१३ फेब्रुअरीमा राष्ट्रिय अपाङ्ग महासंघबाट अपाङ्गता भएको व्यक्तिहरुको सामाजिक समायोजन भन्ने कार्यक्रम सुरु भयो । एकाएक अपाङ्गता भएका व्यक्तिहरु सल्बलाउन थाले, जाग्न थाले, बोल्न र बोलाउन थाले । यसैबीच अम्बर बहादुर घलेको संयोजकत्वमा ११ सदस्य जिल्ला च्याप्टरको स्थापना भयो । यस सँगै जिल्लामा अपाङ्गता अधिकारको वारेमा चलपहल सुरु भयो । परिचय पत्र बनाउनेदेखि विभिन्न ठाउँमा पाउने छुटको विषयमा जिल्लामा चर्चा हुन थाल्यो । कार्यक्रम लागू भए यता

करिब २ हजार बढीले परिचय पत्र प्राप्त गरे ।

यस कार्यक्रम अन्तरगत जिल्लाका १० वटा गाविसमा स्वावलम्वन समुहको गठन भयो । जसको गठनले गाउँमा रहेका अपाङ्गता भएको व्यक्तिहरु संगठित हुन थाले । त्रैमासिक रुपमा भेला हुने, बैठक बस्ने, आफ्ना अधिकारको वारेमा छलफल गर्ने जस्ता कामहरु गर्न थाले ।

यस वीचमा जिल्ला च्याप्टरबाट अपाङ्गता अधिकार तथा स्थानीय श्रोत परिचालनको वारेमा सचेतनामुलक कार्यक्रम सबै गाविसका प्रतिनिधिहरुको लागि सम्पन्न गरियो । यसबाट गाउँमा रहेका अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो अधिकार बुझे । अधिकारको लागि स्थानीय निकायमा आवाज उठाउन थाले । अधिकारको लागि वकालत गरे । उनीहरु तत्कालिन गाविसमा गएर आफ्नो लागि आएको बजेट छुट्याउन लगाएरै छोडे । सबै गाविसमा पहिलो वर्ष ३० हजारदेखि ९० हजारसम्म छुट्यान सफल भए ।

प्राप्त नगदबाट अपाङ्गता भएको व्यक्तिहरुको जीवनस्तर सुधारको लागि आय आर्जन तथा सीपमूलक तालिमहरु सञ्चालन भए । जसको कारण जिल्लामा रहेका करिब २ सय भन्दा बढी अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो दैनिकीमा आवश्यक हुने डोको, मुडा, धुप, तरकारी खेती, बाख्रा, कुखुरा, वङ्गुरपालन जस्ता काम गर्न सुरु गरे । अहिले पनि निरन्तर रुपमा काम गरिरहेको जिल्ला च्याप्टरका अपाङ्गता अभियानकर्ता केशब अधिकारी बताउछन् ।

हामीले सञ्चालन गरेको गाविस मात्र होईन अन्य गाविसमा पनि बजेट विनियोजन हुन थालेको छ । जसबाट अपाङ्गता भएको व्यक्तिको प्रत्यक्ष अधिकार प्राप्त गर्न सहयोग पुगेको छ । अपाङ्गता भएका महिलाहरुलाई दिइएको सिलाईबुनाई तालिमबाट २० जनाले त राम्रैसँग जीविका चलाइरहेका छन् । निरन्तर रुपमा वकालत र जिल्लामा भएको समन्वयको कारण आज सबै प्रकारका अपाङ्गता भएका व्यक्तिले राज्यबाट निर्धारण गरिएको सेवासुविधा प्राप्त गरिरहेका छन् ।

यसबर्ष पनि सबै गाविसहरुले कम्तिमा ५ प्रतिशत बजेट विनियोजन गरिसकेको कुरा महासंघ जिल्ला शाखाका अध्यक्ष दिपक अर्याल बताउनु हुन्छ । हामी अपाङ्गता अधिकारको लागि निरन्तर लागिरहेका छौं । जिल्ला तहबाट हुन सक्ने काममा प्रत्यक्ष निगरानी राखेका छौं । यसै वर्ष जिल्ला विकास समितिबाट ९ लाख बजेट निकासा गरेर जिल्लाभरि नै अपाङ्गता अधिकारको लागि सचेतना बढाईरहेका छौं ।

जिल्लाका सबै सरकारी कार्यालय अपाङ्गता मैत्री बनाउनको लागि पहल

भइरहेको छ । सायद यो चाडै हुन्छ होला । हिजो अपाङ्गता भएपछि घरबाहिर ननिस्कनेहरु आज आफ्नो अधिकार सुनिश्चित गर्न सडकमा आउन थालेका छन् । यो ४ वर्षभित्रको परिवर्तनलाई हेर्ने हो भने अपाङ्गता भएका व्यक्तिहरुलाई समाजले हेर्ने दृष्टिकोण वद्लिएको छ, उनिहरुले सम्मानजनक स्थान प्राप्त गरेका छन् । जिल्लामा गठन हुने विभिन्न समुहमा सहभागिता बढ्न थालेका छन् । जिल्लामा केही काम गर्नु परेमा अपाङ्गता भएका व्यक्तिहरुले पहिलो प्राथमिकता पाउन थालेका छन् । सरकारले संविधानमा अपाङ्गता नीति समावेश गरेसँगै जिल्लामा समेत यसको प्रभाव परेको छ ।

गाउपालिकासँग सहकार्य गरेर अपाङ्गता भएको व्यक्तिले पाउने सामाजिक सुरक्षा भत्ता घर घरमा पुर्याउने व्यवस्था पनि निरन्तर छ । यसका साथै ४५ दिनको संर्घषपछि सबै सार्वजनिक यातायातका साधनहरुमा अपाङ्गता भएका व्यक्तिहरुले ४५ प्रतिशत छुट पाउन थालेका छन् । सबै सार्वजनिक बसको अगाडिको सीट अपाङ्गता भएका व्यक्तिहरुको लागि संरक्षण गरिएको छ । जिल्ला शाखाका अध्यक्ष थप्नुहुन्छ, गर्नुपर्ने अझै धेरै बाँकी छ तर श्रोत साधनको अभावमा हामीले चाहे जति गर्न सकेका छैनौं । राष्ट्रिय अपाङ्ग महासंघले परियोजना अन्तरगत ४ वर्षसम्म १ जना कर्मचारी र कार्यालय भाडा दिएको थियो । जुन अहिले छैन । हामीले कर्मचारी राख्न नसकेपनि कार्यालय राखिरहेका छौं । सामान्य कार्यालय चल्न सक्ने स्थायी श्रोतको खोजीमा छौं । किनकी यो हामी सबैको भेला हुने ठाउँ हो ।

महासंघले गरेको क्रियाकलाप होस वा अन्य संघसंस्थाले गरेको जहाँ पनि सबै क्षेत्रको समान सहभागिताको अभ्यास सुरु भएको छ । यसका कारण अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्थाहरुको कामको पारदर्शिता हुन थालेको छ । सबै क्षेत्रबाट आवश्यकता पहिचान देखिनै अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता हुन थालेको छ । जिल्लामा अहिले अपाङ्गता भएको व्यक्तिको सान, मान र सहभागिता बढेकोमा सबै अपाङ्गता भएका व्यक्तिहरु खुसी छन् । ◆

# फेरिदै गरेको मेरो जीवन



२९ वर्ष अगाडि पाल्पा जिल्लाको भैरबस्थानमा जन्मेका बाबुराम शारिरीक रुपमा अपाङ्गता भएका व्यक्ति हुन् । अपाङ्गता भएको कारण पहाडमा हिडडुल गर्न अफ्ठ्यारो थियो । कुनै ठाउँ पुग्न पनि सजिलो थिएन । घरमा बस्ने बाहेक अरु कुनै काम थिएन । तराई झरे केही गर्न सकिन्थ्यो की जस्तो लाग्थ्यो । तर कसरी तराई मधेस झर्ने । उनीहरु अन्योलमा थिए । समाधान खोज्दा खोज्दै उहाँको परिवार ८ वर्ष अगाडि परिवार सहित कपिलवस्तु जिल्लाको बाणगंगा नगरपालिकामा बसाई सरे ।

जब हामी तराई वसाईं आइयो, म भुँईमा घिस्रेर हिड्न् थाले । त्यो देखेर केही मान्छेहरु मलाई विचरा भन्थे, कोही हाँस्थे , कोही के भएर यस्तो भनेर प्रश्न गर्थे । यस्ता अनेकौं प्रकारको प्रश्न र व्यवहारले मलाई बेक्कार तराई मधेस आएको भन्ने लाग्थ्यो । पहाडमा भएको भए कमसेकम धेरै मान्छे त भेट हुदैनथ्यो ।  तर पनि जीवनमा संघर्ष गरे केही हुन्छ भन्ने लाग्थ्यो, यसको लागि म अवसरको खोजीमा थिएँ ।

सन् २०१३ सालको बैशाख महिनामा मैले राष्ट्रिय अपाङ्ग महासँघ जिल्ला च्याप्टर मार्फत सञ्चालन भएको समुह छ भन्ने कुरा सुनें । मैले यसको वारेमा खोजीनीति बढाएँ । अन्ततः अपाङ्गता भएको व्यक्तिहरुको नियमित  बैठक बस्ने स्थान पत्ता लगाएँ र त्यहाँ पुगें । सबैले मलाई स्वागत गर्नु भयो अनि चिनजान गर्ने मौका पनि मिल्यो ।

भाग्यबस त्यस दिन राष्ट्रिय अपाङ्ग महासंघ जिल्ला च्याप्टर कपिलवस्तुवाट कर्मचारी सुरज पोखरेल पनि आउनु भएको रहेछ । त्यहाँ अपाङ्गता सवालको वारेमा धेरै छलफल भयो । मैले पनि ध्यान दिएर सुनें । अन्ततः म पनि स्वावलम्बन समुहको सदस्य वन्न पुगें । अन्तमा मैले एउटा व्हिलचेयर सहयोगको लागि अनुरोध गरेँ । महासघंको कर्मचारीले पहल गर्छौं भन्ने बचन दिनु भयो । त्यस बचनले म निकै हर्षित भएँ । म पनि निरन्तर रुपमा बैठकमा जान थालें । जहाँ अपाङ्गता अधिकारको वारेमा छलफल हुन्थ्यो । एक अर्कालाई परेका समस्याहरुको वारेमा छलफल हुन्थ्यो र समाधानका उपायहरु खोजी गरिन्थ्यो । मैले पनि अपाङ्गता के हो ? अपाङ्गता अधिकार के हो ? अधिकारहरु कसरी सुनिश्चित गर्ने भन्ने विषयमा बुझ्दै गएँ । यसबाट मेरो कुरा गर्ने क्षमता पनि बढ्दै गयो । समाजमा मेरो हेलमेल बढ्न थाल्यो । विस्तारै मेरो गाउँमा बढेको सक्रियताले समाजका व्यक्तिहरुले पनि सम्मानजनक रुपले हेर्न थाले ।

उनी थप्छन् , निरन्तर समुहमा जान थालेपछि मैले केही समयमा एउटा व्हिलचेयर पाएँ । जसको कारण आफू पनि हिड्न सक्ने भएको महसुस गर्न थालें । यताउता व्हिलचेयरबाट घुम्न पाउँदा निकै खुशी लाग्यो । मेरो लागि परिवारका अरु सदस्यहरुको माया पनि झनै बढ्न थाल्यो । म आफू पनि अब सक्षम भएँ भन्ने भावना विकसित भयो । हिड्नका लागि व्हिलचेयर भए पछि टाढा टाढाको कार्यक्रममा समेत सहभागी हुन थालें । अब मैले पनि केही गर्न सक्छु भन्ने आत्मवल बढेर आयो । व्हिलचेयर मेरो लागि दुबै खुट्टा भए समान भयो ।

उनी थप्छन्, एक दिन महासंघबाट समुहका सदस्यहरुका लागि राखेको क्षमता अभिवृद्धि तालिममा सहभागी हुने मौका पाएँ । त्यस समयमा महासंघको अध्यक्षले आई.एन.एफ.को कर्मचारीसँग मेरा लागि केही सहयोग गरिदिन आग्रह गर्नु भयो । त्यसको १ महिनापछि आई.एन.एफ.को कर्मचारीहरु मेरो घरमा आउनु भयो । मलाई अपाङ्गता मैत्री शौचालय र घर निर्माणका लागि निशुल्क रु ५० हजार सहयोग गर्ने बचन दिनु भयो । त्यही समयमा मेरो दाजुले आर्जन गरेको केही कमाइ, आइएनएफले दिएको नगद सहयोग र थोरै गाउँबाट लिएको सापटीले अपाङ्गतामैत्री घर तथा शौचालय निर्माण गरियो ।

अहिले हाम्रो घर अपाङ्गता मैत्री छ, मेरो लागि हिड्न डुल्न सहज भएको छ । हामी सबै परिवारका व्यक्ति धेरै खुसी छौं । आज हामीसँग ईष्टमित्रहरुको साथ निकै बढेको छ । भविष्यमा अपाङ्गता भएका व्यक्तिको अधिकारको वकालतका लागि सधैं लागि पर्ने कुरामा बाबुराम प्रतिवद्ध छन् । ◆

# हार खाईन, जित्नको लागि संघर्षरत छु

मलाई लाग्थ्यो अब म बर्वाद भएँ, अब म जीवनमा केही गर्न सक्दिन होला, समाज पनि कति निष्ठुरी रहेछ, हामी जस्तो व्यक्तिलाई मान्छे नै नगन्ने । दोश्रो दर्जाको नागरिकको जस्तो व्यवहार गरेको देख्दा मलाई निकै चित्त दुख्थ्यो । २४ वर्षीय हिमा वस्नेतले विगतलाई यसरी सम्झिन्छिन् । सुर्खेत जिल्लाको मैनतडा गाविस वडा नं ३ की हिमा शारीरिक रुपमा  अपाङ्गता भएकी महिला हुन् ।



२/३ वर्षको हुदा उनलाई निकै ज्वरो आएको थियो अरे । जति औषधी खाए पनि तत्काल ज्वरो निको भएन । पछि एक्कासी उनको एउटा खुट्टा लुलो र छोटो भएछ । धेरै पछि मात्र पोलियो रोग लागेको कुरा उनले थाहा पाईन् ।  उनलाई कहिले निको नहुने रोग लागेको रहेछ । जब उनी बुझ्ने भईन् उनलाई आफ्नोवारेमा धेरै चिन्ता लागेछ तर पनि कुनै उपाय उनीसँग थिएन ।

उनी भन्छिन्, सुरुका दिनहरुमा मलाई निकै पिडा र छटपटी भयो । अरु साथी सरह हिड्डुल गर्न नसक्दा भित्रभित्रै पिडा हुन्थ्यो । घरपरिवार तथा समाजबाट बेला बेला अपहेलित हुदाका घटना अझै पनि ताजा छन् उनका मनमा । विस्तारै बाल्य अवस्था पार गर्दै किशोरावस्थामा, युवा अवस्थामा आईपुग्दासम्म शारीरिक तथा मानसिक कष्ट भोग्नु परेको थियो उनले । घरको आर्थिक अवस्था पनि कमजोर थियो । तर पनि मैले हार खाईन । पढाईलाई निरन्तरता दिदै गएँ । अन्ततः मैले कक्षा १२ सम्म पढ्न सकें ।

इ.सं. २०१३ सालमा राष्ट्रिय

अपांग महासंघ नेपाल, जिल्ला च्याप्टर सुर्खेतले हाम्रो गाविसमा काम गर्न शुरु गरेको थियो । जहाँ महासंघले अपाङ्गता भएको व्यक्तिको अधिकारको लागि स्वावलम्वन समुह गठन गर्ने कुरा थाहा पाएँ । त्यसपछि म अपाङ्गता भएका व्यक्तिहरुको समुहमा आवद्ध भएँ । जुन समुहमा बसेपछि मेरो मनोबल बढ्दै गयो । मेरो सक्रियताको कारणले गर्दा २०७० साल मंसिर महिनामा त्यस समुहको सचिब भएँ । यस सचिव पदले मेरो क्षमता वृद्धिमा ठूलै टेवा पुग्यो । मैले अपाङ्गता भएका व्यक्तिको अधिकार राम्रोसँग बुझें । अधिकार सुनिश्चित गर्नका लागि स्थानीय स्तरमा अपाङ्गता भएका ब्यक्तिहरुको हक अधिकारका वारेमा वकालत गर्न थालें । साथै अपाङ्गता भएको व्यक्ति पनि यस समाजको सदस्य हो भन्ने कुराको चेतना दिन सकें । यसका साथै सबै अपाङ्गता भएको व्यक्तिहरुको लागि संगठन विस्तार गर्न सकें ।

उनी थप्छिन्, स्वावलम्वन समुहको सदस्य भए पश्चात पढाई मात्र हैन अब पढाईसँगै केही काम गर्नु पर्छ भन्ने मलाई सोच पलायो । मैले निर्धन बैक बाट १५ हजार ऋण निकाली २०७१ सालमा सानो खुद्रा पसल गर्न थालें । यसले के गर्ली भन्दै गाउँलेहरुले कुरा काट्न थाले । तर अरुले के भन्छन् तिनीहरुको पछि लागिन । मैले हिम्मत नहारी अफ्नो व्यवसाय बढाउन तर्फ लागें । सानो पसलको अम्दानीले आफ्नो र बहिनीको पढाई तथा घरको ७ जनाको परिवारलाई सजिलैसँग पाल्न सकेको छु । मेरो व्यवसायले मलाई सबैसँग परिचित गराउदै गयो ।

समाज पनि विस्तारै परिवर्तन हुदैछ । मैले भोगेको जस्तो समस्याहरु अरुले भोग्नु परेको छैन । अपाङ्गता भए पनि अन्य सरह नै सम्मानजनक जीवनयापन गर्न सकेको देख्दा आफैमा दंग छु । यस्तो देख्दा आफैंमा खुसी लाग्छ ।

अझै अपाङ्गता भएका व्यक्तिहरुको समस्याको समाधानको लागि गाउँमा के गर्न सकिन्छ ? कसरी सबै अपाङ्गता भएको व्यक्तिको अधिकार सुनिश्चित गर्न सकिन्छ । यसमा निरन्तर लागेको छु । जस्तै परिस्थितमा पनि मैले हार खाईन, जित्नको लागि संघर्षरत छु । आज आफ्नो खुट्टामा उभिन पाउदा आफूलाई अपाङ्गता भएको एकरत्ति पनि महशुस छैन । आज यस ठाउँमा म मात्रै होइन म जस्ता सबै प्रकारका अपाङ्गता भएका व्यक्ति सम्मानजनक रुपमा हिड्न सकिरहेका छन् । अधिकार बुझ्ने र अधिकार प्राप्तीको लागि संगठित हुने तथा वकालत गर्ने हो भने सबै ठाउँका अपाङ्गता भएका व्यक्तिले अधिकार पाउन सक्ने थिए । त्यसका लागि म मेरो जीवनभर समर्पित रहनेछु । ◆

# समन्वय गर्न सके सम्भव रहेछ

आर्थिक अवस्था कमजोर भए पछि कसको के लाग्छ ? पैसा नै नभए पछि कैलाली जिल्लाको बौनिया गाविसका ३५ जना अपाङ्गता भएका बालबालिकाहरुले पढ्दा पढ्दै विद्यालय छोडे । यस गाविसमा कूल ४५० जना मध्ये ८७ जना विध्यार्थीहरु बिद्यालय अध्ययनरत थिए । जसमध्ये १० जना अपाङ्गता भएका विद्यार्थीहरुको घरको आर्थिक स्थिति एकदमै दयनिय थियो । उनिहरुले किन विद्यालय छोडे ? यसको वारेमा कसैको चासो पुगेन । तर स्थानीय स्तरमा भएको स्वावलम्वन समुहले चासो राख्यो । अभिभावकसँग भेटघाट् गर्यो । विद्यालयमा भेटघाट गर्यो । यसको मुल कारण गरिवी हो भन्ने  कुरा थाहा भयो । विद्यालयमा निःशुल्क भए पनि उनीहरुलाई शैक्षिक सामग्री कापी, कलम, किताब र स्कूल ड्रेस किन्ने हैसियत उनीहरुमा थिएन । जुन अभावले उनिहरुलाई विद्यालय छोड्न बाध्य बनायो ।

यसका लागि स्वावलम्वन समुहले घरदैलो कार्यक्रम गर्यो । अभिभावकहरुलाई सम्झायो र अपाङ्गता भएका वालवालिकालाई विद्यालयमा भर्ना त गरायो । तर कसरी अध्ययनलाई निरन्तरता गराउने उनीहरुको ठूलो चिन्ता थपियो । अभाबको कारण फेरि पनि उनिहरुले विद्यालय छोड्ने सम्भावना प्रवल थियो । शैक्षिक सत्रको शुरुमा त शैक्षिक सामग्रीको व्यवस्था गर्न स्वावलम्वन समुह लागि परेको थियो । तर समुहको समेत आर्थिक अबस्था कमजोर भएको कारण निरन्तरता दिन सम्भव भएन ।

स्थानीय स्वावलम्वन समुह साझेदार संस्थाको खोजिमा जुट्यो । लामो

समयको अथक प्रयास पछि एन.एल. आर. धनगढीमा पुग्यो । सो संस्थालाई सबै बालबालिकाको पृष्ठभूमि अवगत गराईयो । त्यसपछि एन.एल.आर.ले ती बालबालिकाको वास्तविकता अध्ययन गर्यो । वास्तविकताको अध्ययनपछि १० जना विद्यार्थीलाई जनही रु. ५ हजार बराबरको शैक्षिक सामग्री प्रदान गरियो । यसका साथै ८ जना अपाङ्गता भएका छात्राहरुलाई लत्ता कपडा पनि प्रदान गरियो । जसका कारण उनीहरु सबैले विद्यालयमा निरन्तरता थाले ।

अहिले ती बालबालिकाहरुमा पढाई प्रति हौसला जागेको छ । अहिले ती विद्यार्थीहरु भन्छन् –"हामीले शैक्षिक सामग्री नपाएर नै विद्यालय छोडेका हौं, अब मेहनत साथ पढ्छौं र फेरि पनि सहयोगको अपेक्षा राख्छौं ।"

यो शैक्षिक सामग्री वितरण कार्यक्रमले अरु अपाङ्गता भएका विद्यार्थी र तिनका अभिभावकहरुमा पनि हामीले बालबालिका पढाउनु पर्दोरहेछ भन्ने चेतना जागेको छ । विद्यार्थीहरुमा पनि राम्ररी पढेमा शैक्षिक सामग्रीको खाँचो नपर्दो रहेछ भन्ने उत्प्रेरणा जागेको छ ।

आगामी शैक्षिक सत्रदेखि गाउँका सबै अपाङ्गता भएका विद्यार्थीहरुलाई विद्यालय भर्ना गर्ने अभियान चलाउँछु समाजसेवी प्रेम चौधरी भन्छन् । वास्तवमा यो स्थानीय स्वावलम्बन समुहको उदाहरणीय र उत्प्रेरणादायी कार्य हो । जसले समाजका सबै वर्ग र समुहका व्यक्तिहरुको शिक्षाप्रति ध्यानाकर्षण गराएको छ । ◆

# स्वावलम्वन समूह सामाजिक कार्य तर्फ



राष्ट्रिय अपाङ्ग महासंघ नेपालको साझेदारीमा जिल्ला च्याप्टर कैलालीले अपाङ्गता अधिकारको लागि सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन गर्यो । यसै कार्यक्रम अन्तरगत वि.सं. २०७० सालमा कर्णखर अधिकारीको नेतृत्वमा साडेपानी गाविसमा साडेपानी स्वावलम्वन समुहको गठन भयो । जसमा ११ जना सदस्यहरु थिए । गठन त भयो अब के गर्ने ? सबै सदस्यहरु अन्योलमा थियौं ।

यसै बीच जिल्ला च्याप्टरबाट अपाङ्गता भएको व्यक्तिहरुको अधिकार सुनिश्चित गर्नका लागि समुहका सस्यहरुलाई विभिन्न चेतनामुलक तालिमहरु प्रदान गरियो । यी तालिमहरुको मुख्य उद्देश्य भनेको अपाङ्गता भएको व्यक्तिहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु थियो । यसैबीच स्वावलम्वन समुहलाई स्थानीय श्रोत परिचालन सम्वन्धी तालिम प्रदान गरियो । यी सबै तालिमबाट अब कसरी अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको लागि लड्ने अनि त्यसको लागि कसरी अगाडि बढ्ने भन्ने वारेमा प्रष्ट भयो । यी सबै बुझाईले एक प्रकारको हिम्मत सबैमा बढेको थियो ।

अब त केही गर्नुपर्छ, चुपचाप वसेर वा बैठक मात्र गरेर हुदैन । समाजमा उदाहरणीय काम गर्नु पर्छ भन्ने सोच बनीरहेको थियो । यसै वेला बैठकमा एक

जना सदस्यले यसै जिल्लाको पहलमानपुर गाविसको वडा नं. १ मा बस्ने कुशल वि.क.को वारेमा सुनाए । जो २०६९ जेष्ठ ५ गते जन्मेका थिए । उनी जन्मजात शारीरिक अपाङ्गता भएका बालक थिए । कुशलका दुबै खुट्टा, घुडाँमुनी जोर्नी नभई सिधै छालाले जोडिएको बाँङ्गो थियो । उनलाई अहिलेसम्म पनि कसैले कुनै प्रकारको सहयोग नगरेको कुरा जानकारी बैठकमा छलफल भयो । उनको जीवनरक्षाको लागि केही गर्नु पर्ने कुरा बैठकमा छलफल भयो । समुहका सबै सदस्यहरुले सहयोग गर्ने बचन दिए ।

बैठकको भोलीपल्ट समुहका सदस्यहरु कुशलको घरमा पुगे । अभिभावकसँग कुराकानी गरे । त्यसपछि कुशलको समग्र अवस्थाको बारेमा जानकारी लिने काम भयो । उनको अभिभावकलाई उपचार पद्धति र प्रक्रियाको वारेमा केही जानकारी थिएन । कुशलको आमा बुवालाई उपचार सम्भव छ भन्ने कुरा जानकारी दिईयो । उपचारका लागि समुहका सदस्यहरुले यातायात खर्चको लागि आफूले सक्ने व्यक्तिगत सहयोग समेत गरे ।

त्यसपछि कुशलका अभिभावकले उनलाई लिएर बनेपा अस्पतालमा पुगे । डाक्टरको सल्लाह अनुसार शल्यकृया भयो । कृत्रिम जुत्ता लगाउन मिल्ने बनाइयो । जसको कारण उनी सामान्य हिडडुल गर्ने सक्ने भए । उनी आफै हिड्न सक्ने भएपछि दंग परे ।

छोरा हिडेको देख्दा कुशलका परिवार पनि दंग परे । सबजना एकदमै खुशी भए । हिड्नै नसकेको आफ्नो सन्तान यसरी हिडडुल गरेको देख्दा सपना हो की जस्तो लाग्यो । उनका बुबाले भने । उनका बुबा थप्छन्, यस्तो हिड्न सक्ने बनाउन सहयोग गर्ने स्वावलम्वन समुहलाई धन्यवाद । यदि यो समुहले आएर मेरो आखाँ नखोलिदिएको भए मेरो छोरो कहिले पनि यसरी हिड्न सक्ने थिएन ।

डाक्टरले फेरी १ पटक धुलिखेल अस्पताल आउनु भन्नु भएको छ । तर आर्थिक स्थिति कमजोर भएकोले त्यहाँ जान सकेका छैनन् । अलिकता पैसा जम्मा गरी चाडै अस्पताल जाने कुरा कुशलकी आमाले बताउछिन् ।

यसरी नै समाज भित्र रहेको समस्याहरुलाई उजागर गरी सम्बन्धित ठाउँमा पैरवी गर्ने स्वावलम्वन समुहले जहिले पनि अग्रस्थानमा उभिने कुरा समुहका अध्यक्ष कर्णखर अधिकारी बताउनु हुन्छ । उहाँ थप्नुहुन्छ, पहिलो कामबाट हामीलाई ठूलो सफलता मिलेको छ । म लगायत सबै पदाधिकारीहरु पनि दंग छन् । यसबाट हामीलाई अझै समाजसेवा गर्ने प्रेरणा मिलेको छ । ◆

# आत्मनिर्भर बन्दै कल्छे साउद

"मेरो जीवनका ३४ बसन्त केही नगरी बिते । कहिले रुँदै हिडें । कहिले भोक मेटाउन माग्दै हिडें। दुःखै दुःखको दैनिकीमा स्वावलम्बन समुहलाई भेट्न पाएँ । यहि नै मेरा बाँकी जीवनको सहारा बन्यो । यसैले मलाई सुखी हुन र रमाउन सिकायो । म अहिले ज्यादै खुसी छु ।" बढो खुसी साथ आफ्ना कुरा सुनाए कल्छे साउदले ।

वि.सं. २०३५ सालमा कैलाली जिल्लाको मसुरिया गाविसमा गरीब परिवारमा जन्मिएका कल्छे साउद शारीरिक रुपमा अपाङ्गता भएका व्यक्ति हुन् ।

परिवारमा जेठो सन्तानको रुपमा जन्मिएका कल्छे साउदले आफ्नो जीवनलाई लामो समयसम्म सरापेर बसे । उनले जीवनमा कहिले पनि सुनौलो विहानीको कल्पना समेत गरेनन् । अपांगता भएपछि के नै गर्न सकिन्छ ? अरुले पनि यसले के नै गर्न सक्छ भन्ने गर्थे । समाजमा मानव भएपनि दोस्रो दर्जाको रुपमा बस्नुभन्दा मरैकै बेश लाग्दथ्यो उनलाई । उनीसँग जीवनका ३२ बसन्तसम्म निराशावाहेक केही थिएन ।

२०७० सालमा मसुरिया गाविसमा राष्ट्रिय अपाङ्ग महासंघको सहयोगमा जिल्ला च्याप्टर मार्फत अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुनिश्चित गर्नका लागि स्वावलम्वन समुहको गठन भयो । उनी पनि सबैको अनुरोधमा समुहको सदस्य भए । आफ्नो भूमिका अनुसारको सक्रिय काम गरेर देखाउन थाले । जसको कारण उनले सबैको मन जिते । आफ्नो अधिकारको वारेमा बुझेपछि जिल्लामा गएर अपाङ्गता परिचय पत्र तथा नागरिकता लिए । आफ्नो हातमा प्रमाण पत्र पाएपछि आफ्नो अधिकारको लागि सक्रिय हुन थाले । उनको मनोवल

पनि बढ्न थाल्यो । केही गर्न सकिने र समाजमा एउटा उदाहरणीय व्यक्ति बन्ने कुरामा उनी ढुक्क थिए । उनले आफ्नो लागि मात्र होइन आफू जस्तै अपाङ्गता भएका व्यक्तिको अधिकारको लागि पनि सचेतना जगाउने तथा अधिकारको लागि वकालत गर्न सुरु गरे । यस कामले उनलाई समाजमा चिनाउन थाल्यो । समाजले हेर्ने दृष्टिकोण पनि क्रमशः सकारात्मक हुदै गयो ।

उनले स्वावलम्बन समुहको पहलमा आय आर्जन गर्नका लागि एउटा छाप्रामा व्यापार गर्न थाले । जसको लागि स्थानीय महिला बचत सहकारी संस्था र स्थानीय व्यक्तित्व सँग सहकार्य गरी रु.१५ हजार बिना धितो, बिना व्याज ५ वर्षको लागि ऋण लिए । जुन ऋणबाट व्यापार बढाए । अहिले उनले दैनिक २ सय देखि ३ सयसम्म आय आर्जन गर्न थालेका छन् । उनले आय आर्जन गर्न थालेपछि उनको पारिवारिक एवं सामाजिक सम्बन्धमा परिवर्तन आएको छ । उनी आफू पनि आत्मनिर्भर बनेको महशुस गर्न थालेका छन् ।

उनी भन्छन् स्वावलम्बन समुहको वकालती कार्यक्रम र राष्ट्रिय अपाङ्ग महासँघको सामाजिक समायोजन कार्यक्रमले अपाङ्गता क्षेत्रमा नौलो आयाम थपेको महशुस गरेको छु । यदि यो कार्यक्रम मसम्म नआएको भए आज आफ्नै घरमा जीवनलाई धिकार्दै बसिरहेको हुन्थे होला । ◆

# बाबुले अर्कैलाई टिपेर हिडेपछि
# विचल्ली श्रृजनाको फेरिएको जीवन



श्रृजना नेपाली, अपांगता भएकी वालिका हुन् । उनको घर जुम्ला जिल्लाको चन्दननाथ नगरपालिका वडा नं ५ मा छ । उनी २०६२ साउन ५ गते बुवा मुनबहादुर नेपाली र आमा नानी नेपालीको पहिलो सन्तानको रुपमा जन्मिएकी हुन् । उनीसहित उनको घरमा ६ जनाको परिवार रहेको छ । उनी स्थानीय विद्यालयमा कक्षा ३ अध्ययनरत छिन् ।

उनको बुवा नेपाली सेनामा कार्यरत हुनुहुन्छ । उनी भन्छिन्, हामीलाई बुबाले केही पनि सहयोग गर्नु हुन्न । ३ वर्ष अगाडि बुवाले नेपाल प्रहरीमा कार्यरत एक महिलासँग दोस्रो विवाह गर्नु भयो । यो सँगै एक मात्र भरोसा पनि सकियो । बुबा घर छोडेर सुर्खेतमा जानु भयो । तर हाम्रो घरमा कसरी गाँस चलेको छ भन्ने कुराको कुनै ख्याल नै राख्नु भएन

। हामीलाई माया नै गर्नु भएन । हामी उहाँको साथबाट अलग्गियौं । बुबाले छोड्दाको पिडा त छदैथियो तर अर्को सहन नसक्ने पिडा फेरि थपियो ।

उनी थप्छिन्, आज भन्दा ४ वर्ष अगाडि काम गर्ने शिलशिलामा लडेर मेरो हातमा चोट लाग्यो । पैसाको अभावमा तुरुन्तै अस्पताल पुग्न सकिएन । पछि मेरो हातका औंला खुम्चिए । जसका कारण मलाई लेख्न समस्या भयो । हातमा दुखाई बढ्दै गयो । के गर्नु । त्यतिखेर छोडेर गएको बुबाको पनि आशालाग्यो । तर कसरी भन्ने मन नै मानेन । धेरै दुखाई पछि अलिकता पैसा सापट गरेर आमाले जुम्लाको सरकारी अस्पताल लानुभयो । तर धेरै पैसालाग्ने भए पछि उपचार सम्भव भएन । सामान्य उपचार गरेर चाडै निको हुने आशामा हामी घर फर्कियौं ।

उनी भन्छिन्, निको हुनुको सट्टा झन् झन् समस्या बढ्दै गयो। दुखाई वढेपछि मलाई हातै पुरै विग्रेको हो की भन्ने डर लागेको थियो । जब जिल्ला च्याप्टर जुम्लाका अपाङ्गता अभियानकर्ता हाम्रो घरमा आउनु भयो र मेरो समस्या देख्नु भयो उहाँले तिमीलाई फिजियोथेरापीको आवश्यकता परेको छ भन्नु भयो । अनि बल्ल मलाई थाहा भयो म अपाङ्ग भइसकेको रहेछु । मेरो चिन्ता झन् बढ्यो अनि घरमा एक्लै रुदै बसें ।

यसैबीच अपाङ्गता अभियानकर्ताले २०७२ असोज ११ गते आई एन एफ जुम्लाका फिजियो थेरापीष्ट बिष्णुदत्त आचार्य सँग सम्पर्क गराईदिनु भयो । उहाँले थप उपचारको लागि आ.एन. एफ जुम्लामा आउन अनुरोध गर्नुभयो । त्यहाँको उपचार पछि, हातमा ककअप राखेपछि अलि राम्रो भयो । पहिलेको भन्दा अहिले हातको अवस्थामा सुधार आएको छ । अहिले राम्रोसँग विद्यालय गएर लेखपढ गर्न सक्ने भएकीछु । उनी निकै हर्षित मुद्रामा बताउछिन् ।

उनी थप्छिन्, अझ पनि मेरो घर अपाङ्गमैत्री छैन र घर पनि भिरालो स्थानमा छ । मेरो हातको समस्याले गर्दा कहिलेकाही कुनै कुरो समाउन समस्या पर्छ । तर पनि म अहिले खुसी छु । मेरो पढाइलाई निरन्तरता दिनका लागि स्वालम्वन समुहले छात्रवृत्ति उपलब्ध गराएको छ । जिल्ला च्याप्टर जुम्लाले मलाई स्टेसनरी र पोसाक उपलब्ध गराईदिएको छ । जसका कारण नयाँ लुगा लगाएर विद्यालय जाने र मेहनत गरेर पढ्न थालेको छु । गाउँमा भएको स्वालम्वन समुहले गरेको सहयोगले आज म पहिलाको जस्तै भएको महसुस गरिरहेको छु । अब आमालाई दिएको बचन एकदिन पुरा गरेरै छाड्छु । बढो निर्धक्क साथ श्रृजना बताउछिन् । ◆

# आगोले खाएको सपना आगोले नै जोडिदियो



गाउँमा म सामान्य चिया पसल गरेर बसेको थिएँ । अचानक मेरो पसलमा आगो लाग्यो । जुन आगोसँगै मेरा बाँकी सपना पनि त्यही धुवासँगै उडेर गयो । अब के गर्ने होला ? कहाँ जाने होला ? कसलाई भन्ने होला ? आफू मात्र हैन ६ जनाको परिवार कसरी पाल्ने होला । एक माथि अर्को चिन्ता बढ्न थाल्यो

। यो भन्दा अरु काम गर्ने सक्ने सीप पनि थिएन । जिन्दगीमा कालो बादलले एकाएक ढाकिदियो । जीवन अन्धकार नै अन्धकारले घेरिएको महशुस हुन थाल्यो । अब कता जाने, के गर्ने केही थाहा थिएन । बढो भावुक हुँदै बताए दिलिप कुमार बरईले ।

आज भन्दा ४७ वर्ष अगाडि कपिलबस्तु जिल्लाको फुलिकामा जन्मिएका दिलिप शारीरिक अपांगता भएका व्यक्ति हुन् । २०६६ सालमा उनले सामान्य दैनिकी चलाउने र परिवारको जीविका चलाउने उद्‌देश्यले सानो चिया पसल शुरु गरेका थिए । सो चिया पसलबाट मासिक २० हजार आम्दानी गर्ने गरेका थिए । तर एक्कासी चिया पसलमा आगो लाग्यो । उनको सबै सामान क्षणभरमा नै ध्वस्त भयो, केही वाँकी रहेन । फेरि पसल गर्न उनिसँग आर्थिक सामर्थ्य पनि थिएन । के गर्ने, कसो गर्ने उनले सम्झनै सकेका थिएनन् ।

आफ्नो एक्लो मात्र जीवन होइन, ६ जनाको जीवन चलाउनु त्यति सजिलो पनि थिएन । यसैबीच दिलीप २०६९ सालको बैशाख महिनामा गजेहडामा राष्ट्रिय अपाङ्ग महासँघ जिल्ला च्याप्टर कार्यालय पुगे । जहाँ उनले राष्ट्रिय अपाङ्ग महासंघका तत्कालिन जिल्ला अध्यक्ष कमल प्रसाद ढुङ्गानासँग भेटे । उनले आफ्नो विचल्ली परेको कुरा सबै सुनाए ।

अध्यक्षको पहलमा रेडक्रसको जिल्ला शाखामा उनी पुगे । अध्यक्ष मार्फत जिल्ला रेडक्रसको सभापतिसंग कुराकानी हुने मौका मिल्यो । सभापतिले मेरो वेदना सुनेपछि नेपाल रेडक्रसबाट केही लत्ता कपडाहरु सहयोग भयो । तत्काललाई मेरो समस्या समाधान भयो । म फेरी जिल्ला च्याप्टर कार्यालयमा गए । व्यवसाय सञ्चालन गर्न आर्थिक सहयोगको लागि अनुरोध गरें । जिल्ला च्याप्टरसँग त्यस्तो खालको आर्थिक सहयोग गर्ने श्रोत नरहेको जानकारी दिनुभयो । तर उहाँहरुले विना व्याज तथा धितो सँगै रहेको सहकारीवाट रु १० हजार रुपैया उपलब्ध गराईदिनु भयो । जुन नगदबाट पुनः चिया र मिठाईको व्यवसाय सञ्चालन गर्न सकें । मैले दुई महिनामा नै सहकारीलाई पैसा तिरें । अहिले सबै खर्च कटाएर वार्षिक १ लाख ५० हजार बचत गर्ने गरेकोछु ।

उनी थप्छन्, मलाई जिल्लाका पदाधिकारीले पटक पटक सहयोग माग्न जाँदा चिनीसक्नु भएको थियो । मलाई जिल्लाबाट सरहरुले अपाङ्गता भएको व्यक्तिहरुको लागि केही काम गर्नको लागि स्वावलमबन समुह गठन गर्न लागिएको कुरा जानकारी गराउनुभयो । २०७० सालमा फुलिका गाउ विकास समितिमा स्वावलम्बन समुह गठन भयो

। त्यस समुहको पहिलो अध्यक्ष म भएँ । हामीले नियमित बैठकहरु बस्न थाल्यौं । अपाङ्गता भएका व्यक्तिहरुको समस्याहरु पहिल्याउन थाल्यौं साथ साथै समाधानका उपायहरु पनि खोज्दै गयौं । गाविसबाट अपाङ्गता सशक्तिकरण कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरायौं । कार्यक्रमहरु सञ्चालन गर्यौं । यी कार्यक्रमहरुले मलाई तथा म जस्ता अपाङ्गता भएको व्यक्तिलाई काम गर्ने थप हौसला मिल्दै गयो ।

अर्को तर्फ मेरो पनि जनमानससँगको सम्पर्क बढ्दै गइरहेको थियो । जसको कारणले गर्दा आफ्नो व्यवसाय पनि बढ्दै गयो । मेरो श्रोत र साधनमा पहुँच वृद्धि हुँदैगयो । मैले गाउँ परिषदको बैठकमा समेत भाग लिने मौका पाएँ । मेरो लगनशिलताको कारणले गर्दा महासंघको जिल्ला शाखाको सदस्यसम्म बन्न सकें । अहिले धेरै अपाङ्गता भएका साथीहरुसंग चिनजान बढेको छ । विगतमा जस्तो एक्लो महसुस छैन । म अहिले मेरा बालबच्चाहरुलाई राम्रो शिक्षा दिन सकिरहेको छु । पसल राम्रोसँग चलिरहेको छ । म सन्तुष्ट छु । खुसी साथ जीवन बिताईरहेको छु । यदि मेरो पसलमा आगो नलागिदिएको भए म जिल्ला च्याप्टर पुग्ने पनि थिइन र आजको स्थानमा आउन पनि सक्दिन थिएँ । आगोको कारण सबैसँग जोडिन पाउँदा आज लाग्छ आगोले खाएको सपना आगोले नै पुरा गरिदियो । ◆

# प्रगतिको पथमा महासंघको जिल्ला च्याप्टर झापा

झापा पूर्वी तराईको एक जिल्ला हो । यो जिल्ला राजनीतिक, शैक्षिक र आर्थिक हिसावले समुन्नत पनि छ । यस्तो जिल्ला भएपनि अपाङ्गता भएको व्यक्तिहरुको अवस्था भने आशातित सुधार हुन सकेको थिएन ।

जिल्लामा अपाङ्गताको क्षेत्रमा कामगर्ने संस्थाहरु थिए । तर सबैले आफ्नो हिसावले काम गर्थे । कसैको चासो थिएन, चासो हुनेहरु पनि चुप थिए । अपाङ्गता भएका व्यक्तिहरु वीच नै एकता थिएन । किनकी आफ्नो अधिकारको वारेमा कसैलाई चेतना थिएन । अझ भन्ने हो भने जिल्लाको विभिन्न गाउँमा बस्ने कतिपय अपाङ्गता भएका व्यक्तिहरुले यसको वारेमा कुनै सूचना पनि पाएका थिएनन् । अपाङ्गता भएका व्यक्तिको हक अधिकारका वारेमा दुर दराजमा वस्नेहरु कत्ति पनि जानकार थिएनन् । वास्तवमा भन्नु पर्दा अपाङ्गता भएका व्यक्तिहरुको एकतामाथि प्रश्न थियो ।

यसपछि, जिल्लाका केही अपाङ्गता भएका अगुवा व्यक्तिहरुले एउटै छातामुनि बसेर हिड्नुपर्ने आवश्यकता महसुस गरे । जस अनुसार जिल्ला समन्वय मञ्च गठन भयो । तर आर्थिक अवस्थाको कारणले मञ्च संचालन गर्न कठिनाई भयो । त्यसबेला जिल्ला च्याप्टरको गठन पनि भएको थिएन ।

समन्वय मञ्चका लागि सहयोगीको रुपमा तत्कालिन जिल्ला विकास समितिभन्दा अरु कोही पनि थिएनन् ।

जिल्ला विकास समितिबाट प्राप्त सहयोग अभियान सञ्चालनका लागि पर्याप्त थिएन । त्यसकारण यसको भविष्य पनि अन्योलमा नै थियो । अब के गर्ने भनेर सोच्दा सोच्दै राष्ट्रिय अपाङ्ग महासंघका तत्कालिन महासचिव श्री सञ्जय वान्तवासँग कुराकानी भयो । झापा जिल्लामा अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक समायोजन नामक परियोजना सञ्चालन भयो । यसपछि महासंघसँगको सहयोग र उत्प्रेरणामा वि.सं. २०६६ सालमा जिल्ला च्याप्टरको स्थापना भयो ।

यसको स्थापना पश्चात नियमित बैठक र अपाङ्गताका सवालमा छलफल हुन थाल्यो । यसै गरी बार्षिक साधारण सभा सम्पन्न हुन थाल्यो । यसले गर्दा जिल्ला भरि छरिएर रहेका अपाङ्गता भएको व्यक्तिहरुको सूचना वाहिर आउन थाल्यो । अपाङ्गता भएका व्यक्तिहरुको समस्याको समाधानको लागि पहल हुन थाल्यो । अपाङ्गता भएका व्यक्तिले पनि आफ्नो अधिकार पाउन सकिने रहेछ भन्ने कुरा बुझ्न थाले । जसका कारण जिल्लाभित्र रहेका सबै अपाङ्गता भएका व्यक्तिहरु सलबलाउन थाले । सचेत हुन थाले । च्याप्टरले सबैसँग समन्वय गर्न सजिलो होस भन्ने उद्देश्यले एउटा कोठा भाडामा लिएर काम सुरु गर्यो । यसबाट समन्वय गर्न झन् मद्दत्त पुग्यो । सो कुरा जिल्ला च्याप्टरका तत्कालिन अध्यक्ष श्री खगेन्द्र भट्टराई बताउनु हुन्छ ।

अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक समायोजन दोश्रो चरणको परियोजना सन् २०१३ वाट शुरु भयो । जस अन्तरगत १० गाविसमा १० वटा स्वावलम्वन समुह गठन गर्नुपर्ने योजना थियो । तर जिल्ला च्याप्टरको सक्रियतामा अन्य सरोकारवाला निकायहरुसंग समन्वय गरी २५ गाविसमा २५ वटा स्वावलम्वन समुह गठन भयो । अपाङ्गता अधिकारको वारेमा गाउँ गाउँमा आवाज उठाउन थालियो । स्वाबलम्वन समुहका सदस्यहरुलाई विभिन्न तालिमहरु प्रदान गरे लगत्तै उनिहरुको आत्मनिर्भरता बढ्दै गयो । स्थानीय श्रोत परिचालन गरी अपाङ्गता भएका व्यक्तिहरु एकातिर आत्मनिर्भर वन्दै गए भने अर्कोतिर उनिहरुको आय आर्जन पनि वढ्दै गयो । यसले परिवार र समाजले अपाङ्गता भएका व्यक्तिलाई हेर्ने दृष्टिकोण वदि्लन थाल्यो । यसैसँगै सन् २०१५ देखि एन.एल.आर. र करुणा फाउन्डेसनको समन्वयमा ४ वटा गाविसमा अपाङ्गता भएको व्यक्तिको हेरचाहका लागि उत्प्रेरणा परियोजना संचालन भयो । संस्थाले पहिले भाडामा लिदै आएको दुइकोठे फ्ल्याटवाट फराकिलो कम्पाउन्ड भएको ४ वटा कोठा भएको प्ल्याट भाडामा लिएर कार्यालय संचालन गर्न थाल्यो । अन्य आवश्यक मानव श्रोतको

पनि व्यवस्था भयो । गाउँ गाउँमा गएर काम गर्न सजिलो बनायो । यसका साथै जिल्ला भरी नै अपाङ्गताका भएका व्यक्तिहरुको विकासे क्रियाकलापमा सक्रियता सहभागिता बढ्न थालेको छ । स्थानीय निकायमा राम्रो प्रभाव पनि परिरहेको कुरा जिल्ला च्याप्टरका अध्यक्ष श्री सचिन निरौला वताउनुहुन्छ ।

जिल्लाका पदाधिकारीले सरोकारवाला निकायहरु, अपाङ्गतासम्बन्धी काम गर्ने संस्थाहरुसंग समन्वय गर्दै अपाङ्गता परिचयपत्र वितरणमा सहजिकरण भइरहेकोछ । हाल स्थानीय तहको पुनरसंरचना भएपश्चात झापा जिल्लामा १५ वटा स्थानिय तह बनेको छ । उक्त स्थानिय तह मध्ये ६ वटा स्थानिय तहमा गाउपालिका तथा नगरपालिकास्तरिय स्वावलम्वन समुह गठन गरिसकिएको छ । यी सबै समुह मार्फत अपाङ्गता भएको व्यक्तिको अधिकारको लागि स्थानीय स्तरमा वकालत गरिरहेको छ । यी कार्यले जिल्लामा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुनिश्चित मात्र नभएर समुदायले गर्ने सम्मान पनि पाइरहेका छन् । अझै गर्न त धेरै बाँकी छ । हाम्रो उपस्थिति सबै ठाउँमा सबैसमक्ष चाहेको मात्रामा पुग्न सकेको छैन । श्रोतको कमी छ । जिल्ला भरिका सबै अपाङ्गता भएको व्यक्तिको अधिकार सुनिश्चित गर्न हामी सबै जना लागि परिरहेको कुरा जिल्ला च्याप्टरका अपाङ्गता अभियानकर्ता पिताम्बर घिमिरे बताउनुहुन्छ । ◆